# विकास सहायता परिचालन नीति,

# २०८१

DRAFT

नेपाल सरकार

अर्थ मन्त्रालय

## विषय सूची

### भाग - एक
### परिचय


१.१ पृष्ठभूमि १
१.२ विकास सहायताको अन्तर्राष्ट्रिय प्रवृत्ति ३
१.३ नेपालमा विकास सहायताको समीक्षा ५
१.४ नीति परिमार्जनको आवश्यकता ७
१.५ परिभाषा ९


### भाग - दुई
### सोंच, उद्देश्य, लक्ष्य र रणनीति


२.१ दुरदृष्टि १२
२.२ ध्येय १२
२.३ उद्देश्य १२
२.४ लक्ष्य १२
२.५ रणनीति १२
२.६ विकास सहायता परिचालनका प्राथमिकताहरू १३


### भाग - तीन
### नीति तथा कार्यनीति


३.१ रणनीति २.५.१ सँग सम्बन्धित कार्यनीति १४
३.२ रणनीति २.५.२ सँग सम्बन्धित कार्यनीति १५
३.३ रणनीति २.५.३ सँग सम्बन्धित कार्यनीति १५
३.४ रणनीति २.५.४ सँग सम्बन्धित कार्यनीति १८
३.५ रणनीति २.५.५ सँग सम्बन्धित कार्यनीति १९
३.६ रणनीति २.५.६ सँग सम्बन्धित कार्यनीति २१
३.७ रणनीति २.५.७ सँग सम्बन्धित कार्यनीति २२
३.८ रणनीति २.५.८ सँग सम्बन्धित कार्यनीति २३
३.९ रणनीति २.५.९ सँग सम्बन्धित कार्यनीति २४
३.१० रणनीति २.५.१० सँग सम्बन्धित कार्यनीति २५
३.११ रणनीति २.५.११ सँग सम्बन्धित कार्यनीति २५


DRAFT

३.१२ रणनीति २.५.१२ सँग सम्बन्धित २५
३.१३ रणनीति २.५.१३ सँग सम्बन्धित २६


**भाग - चार**

**विकास सहायता परिचालन विधि**


४.१ आयोजना प्रस्ताव गर्ने तथा सहायता स्वीकार गर्ने सम्बन्धी व्यवस्था २९


**भाग - पाँच**

**नीति कार्यान्वयन गर्ने जिम्मेवार निकायको भूमिका**


५.१ सहायता परिचालनमा अर्थ मन्त्रालयको भूमिका ३०
५.२ सहायता परिचालनमा विषयगत मन्त्रालयको भूमिका ३१
५.३ सहायता परिचालनमा प्रदेश सरकारको भूमिका ३१
५.४ सहायता परिचालनमा स्थानीय तहको भूमिका ३२
५.५ सहायता परिचालनमा विकास साझेदारहरूको भूमिका ३३
५.६ सहायता परिचालनमा समाज कल्याण परिषद्को भूमिका ३४
५.७ सहायता परिचालनमा गैर सरकारी संस्थाहरूको भूमिका ३४


**भाग - छ**

**जोखिम तथा जोखिम न्यूनीकरण रणनीति**


६.१ विकास सहायताका सम्भावित जोखिम ३६
६.२ जोखिम न्यूनीकरण रणनीति ३६


**भाग - सात**

**नीति संचार**


७. नीति संचार ३७


**भाग - आठ**

**अनुगमन मूल्याङ्कन**


८.१ अनुगमन तथा मूल्यांकन ३८
८.२ नीति कार्यान्वयन समिति ३८


DRAFT

## भाग - नौ
## विविध


९.१ विकास सहायता समन्वयको सम्पर्क विन्दु ४०
९.२ स्थानीय विकास साझेदार बैठक ४०
९.३ विकास साझेदारहरूको कार्यक्षेत्र विभाजन ४१
९.४ सहायताको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धता ४१
९.५ कर छुट तथा प्रवेशाज्ञा सम्बन्धी व्यवस्था ४१
९.६ अन्य व्यवस्था ४२
९.७ खारेजी र वचाउ ४२


## भाग - दस
## नीति कार्यान्वयन कार्ययोजना


१०. नीति कार्यान्वयन कार्ययोजना ४३


DRAFT

## भाग - एक
## परिचय

### १. पृष्ठभूमि

१.१ नेपालको समग्र विकास प्रयासमा अन्तर्राष्ट्रिय विकास सहायताको महत्वपूर्ण योगदान छ । उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्दै दीर्घकालीन योजनाले आकाँक्षा राखेको **सम्बृद्ध नेपाल सुखी नेपाली**को लक्ष्य प्राप्त गर्न र विकास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्नका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न राष्ट्रको आन्तरिक श्रोत मात्र पर्याप्त नहुने भएकोले नेपालले अन्तर्राष्ट्रिय विकास सहायताको उपयोग गर्दै आएको छ । संविधानको व्यवस्था अनुसार वैदेशिक सहायता लिंदा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी रुपमा राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्नु आवश्यक छ । विकास सहायताको उच्चतम लाभ प्राप्त गर्ने गरी प्रभावकारिता बढाई राष्ट्रिय पूँजी निर्माणमा टेवा पुरयाउने र सो मार्फत राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण गर्नु आवश्यक छ ।

१.२ नेपालले विकास सहायता सम्बन्धी अन्तर्राष्ट्रिय बैठक र सम्मेलनमा सक्रिय सहभागिता जनाउँदै आएको छ। सन् २००५ को पेरिस उच्च स्तरीय सम्मेलन र त्यसपछिका विकास सहायता प्रभावकारिताका लागि विश्व साझेदारी लगायतका सबै उच्चस्तरीय बैठकमा नेपालले आफ्नो ऐक्यबद्धता जनाएको छ। साथै नेपालले दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक श्रोत जुटाउन अदिस अबाबा कार्य एजेण्डाको निर्देशक ढाँचाभित्र विकास सहायता परिचालनमा जोड दिंदै आएको छ । आगामी दिनमा विकास सहायता सम्बन्धी विश्व मञ्चमा नेपालको उपस्थिति थप सशक्त बनाउन आवश्यक छ ।

१.३ सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने लगायतका विकास सम्बन्धी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न विकास सहायता परिचालनमा नीतिगत स्पष्टता आवश्यक भएको र विकास सहायता परिचालनमा देखा परेका नयाँ प्रवृत्ति र गतिशिलता अनुरुप विद्यमान नीतिमा परिमार्जन आवश्यक भएकोले यो नीति तर्जुमा गरिएको छ । त्यसैगरी संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहबाट विकास सहायता परिचालनका क्रममा प्राप्त अनुभवका आधारमा तहगत प्रणालीमा विकास सहायता परिचालनमा थप नीतिगत स्पष्टता ल्याउन र विकास सहायताको परिचालनबाट राष्ट्रिय अर्थतन्त्र सुदृढ बनाई आन्तरिक स्रोत परिचालन बढाउने र विकास सहायता प्रतिको निर्भरता क्रमशः घटाउँदै जाने नीतिगत दिशा लिनु आवश्यक छ।

DRAFT

१.४ विकास सहायता परिचालनको नेतृत्व र स्वामित्व प्रापक राष्ट्रले लिंदा त्यसको प्रभावकारिता बढ्ने मान्यतालाई व्यवहारमा उतार्ने र सहायता परिचालनका सफलता वा असफलताका लागि सरकार र विकास साझेदार एक अर्काप्रति र आ-आफ्ना करदाताप्रति जवाफदेही हुनुपर्ने पारस्परिक जवाफदेहिताको सिद्धान्तलाई व्यवहारमा रुपान्तरण गरी विकास सहायता परिचालनमा दक्षता र प्रभावकारिता हासिल गर्ने गरी विकास सहायता परिचालन नीति जारी गर्न आवश्यक छ। ।

१.५ सबै द्विपक्षीय र बहुपक्षीय सरोकारवाला पक्षसँग साझेदारीको संयन्त्रको रुपमा हरित उत्थानशील र समावेशी विकासको अवधारणा अवलम्वन गर्दै एकीकृत, कार्यक्रमिक र लक्षित रुपमा नेपालमा सफल साबित भएका अभ्यास अनुरुप अन्तरसम्बन्धित क्षेत्रहरूको दिगो विकास हुनेगरी विकास सहायता परिचालन गर्न जरुरी छ ।

१.६ सार्वजनिक वित्त व्यवस्थापनमा सुधार र आन्तरिक क्षमता बढाई क्रमश: सबै विकास सहायतालाई राष्ट्रिय प्रणालीमा आबद्ध गर्दै लैजानु पर्नेछ ।

१.७ शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा विकास साझेदारहरूबीच विकसित हुँदै गएको सहायता सामाञ्जस्यको अभ्यासलाई विस्तार गर्ने र तुलनात्मक सबलताका आधारमा विकास साझेदारहरूले आपसमा कार्य विभाजन गर्ने एवम् आयोजनाहरूको संख्यासँगै गुणस्तरमा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ । साथै ठूला आयोजनाहरुमा विकास साझेदारको सहलगानी प्रबर्द्धन गरी श्रोतको आवश्यकता पुरा गर्ने र एउटै द्वारबाट विकास सहायता परिचालन गर्दा सहज हुने र दक्षता बढ्ने विषयलाई आत्मसात् गरी विकास सहायता परिचालन गर्नु आवश्यक छ ।

१.८ परम्परागत विकास सहायताका अतिरिक्त सम्भाव्यताका आधारमा सार्वजनिक, निजी एवम् वैदेशिक सहायता सम्मिश्रित संयुक्त एवम् नवीन स्रोत परिचालनबाट समेत विकासका लागि आवश्यक साधन जुटाउने गरी नीतिगत प्रबन्ध गर्नु आवश्यक छ। । व्यापारका लागि सहायता (एड फर ट्रेड) अन्तर्गत विभिन्न देश तथा बहुपक्षीय संस्थाहरुले परिचालन गरेका सहायतामा पहुँच बढाई मुलुकको हित प्रवर्द्धन हुने गरी अन्तर्राष्ट्रिय व्यापार सुदृढ गर्न विकास सहायता परिचालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

१.९ यस पृष्ठभूमिमा नेपालको संविधानको भावना र परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई समेट्दै वैदेशिक सहायता नीति, २०५९, विकास सहायता नीति, २०७१ र अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन नीति २०७६ को कार्यान्वयनका सिलसिलामा प्राप्त भएका उपलब्धि तथा अनुभवका आधारमा समयानुकूल यो विकास सहायता परिचालन नीति तर्जुमा गरिएको छ ।

DRAFT

१.१० विकास सहायता परिचालनबाट प्राप्त हुने अवसरहरूको अधिकतम उपयोग गर्ने, राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र अन्य क्षेत्रबीच साझेदारी एवम् सहलगानी बढाउने एवम् संघ, प्रदेश र स्थानीय तहबीच विकास सहायता परिचालनमा समन्वयात्मक तवरले प्रभावकारिता ल्याई सुदृढ अर्थतन्त्र निर्माण गर्नेतर्फ यो नीति परिलक्षित हुनेछ ।

## १.२ विकास सहायताको अन्तर्राष्ट्रिय प्रवृत्तिः

१.२.१ विकास सहायताको अन्तर्राष्ट्रिय प्रवृत्तिहरू समयसापेक्ष रूपमा बदलिंदै आएका छन्। पछिल्लो समयमा विश्वभरि विकास सहायता प्रणाली र यसको प्रभावकारीता सुधार्नका लागि विभिन्न नयाँ नीतिगत दृष्टिकोण, ढाँचा, र प्राथमिकताहरू अपनाइएको पाइन्छ।

१.२.२ समग्र विकास सहायता दिगो विकास लक्ष्य (SDGs) हासिल गर्नमा केन्द्रित भएको छ ।सन् २०१५ मा संयुक्त राष्ट्रसंघद्वारा तय गरिएका १७ वटा दिगो विकास लक्ष्यहरू विकास सहायताका प्रमुख मार्गदर्शन तत्व बनिसकेका कारण अन्तर्राष्ट्रिय सहायता यी लक्ष्यहरूसँग सम्बन्धित क्षेत्रहरूमा केन्द्रित भइरहेको छ ।गरिबी निवारण, शिक्षा, स्वास्थ्य, वातावरणीय दिगोपन र लैंगिक समानताजस्ता क्षेत्रमा विकास सहायता परिचालन केन्द्रित गर्ने प्रवृत्ति बढेको छ।

१.२.३ स्थानीय स्वामित्व र साझेदारीको भावना विकास हुँदै गएको छ । "स्थानीय स्वामित्व" अवधारणाले परियोजना र कार्यक्रमहरू स्थानीय समुदायहरू र सरकारहरूसँग सहकार्यमा अघि बढाउने प्रवृत्ति विकास गरेको छ।

१.२.४ विकास कार्यमा निजी क्षेत्रलाई सहजीकरण र प्रोत्साहन गरी वित्त परिचालन गर्ने अभ्यास उल्लेख्य रुपमा बढ्दै छ । परोपकारी संस्था तथा दातृ पक्षबाट उपलब्ध हुने सहुलियतपूर्ण सहायताको हिस्सा निजी क्षेत्रको प्रवर्द्धनमा लगाई आयोजनालाई कार्यान्वयनयोग्य बनाउने प्रतिस्पर्धा बढ्दो छ । नियमनको जोखिम सरकार र लगानीको जोखिम निजी क्षेत्रले लिने गरी सह लगानीका अभ्यास बढ्दै गएको छ ।

१.२.५ नवप्रवर्तन र प्रविधिको प्रयोग बढ्दै गएको छ । डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता (AI), ब्लकचेन, र डाटा एनालिटिक्सजस्ता नवीन प्रविधिहरूलाई विकास सहायतामा प्रयोग गरेर प्रभावकारिता र पारदर्शिता सुधार गर्न प्रयास भइरहेको छ।

१.२.६ जलवायु वित्तको मुद्दा गहन रुपमा मुखरित भएको छ । जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न विकास सहायताको ठूलो हिस्सा जलवायु वित्ततर्फ निर्देशित भइरहेको छ। नवीकरणीय ऊर्जा, जलवायु अनुकूलन र हरित पूर्वाधार निर्माणमा सहयोग बढ्दै गएको छ।

१.२.७ आयोजना छनौट र कार्यान्वयनमा हरित, उत्थानशील र समावेशी विषय समावेश हुनुपर्ने जोडदार आवाज बढ्दै गएको छ । सोही अनुसार प्राप्त सहायतालाई उक्त क्षेत्रमा वर्गीकरण गर्ने अभ्यास बढ्दो छ ।

१.२.८ दातृ निकायहरूको संख्यात्मक वृद्धि भएको छ । परम्परागत दातृ राष्ट्रहरू ग्लोबल नर्थ बाहेक, नयाँ उदाउँदो अर्थतन्त्र ग्लोबल साउथ (जस्तै चीन, भारत, ब्राजिल) र बहुपक्षीय निकायहरूले पनि विकास सहायतामा सक्रिय भूमिका खेल्न थालेका छन्।

१.२.९ नतिजामा आधारित विकास सहायता परिचालनको अवधारणा विकास भएको छ । विकास सहायताको प्रभावकारिता मापन गर्न नतिजा आधारित व्यवस्थापन (Results-Based Management) प्रणालीलाई महत्व दिइएको छ। सहायता सही ठाउँ र लक्ष्यित समूहमा पुगेको सुनिश्चित गर्न यस अवधारणाको अभ्यास बढ्दै गएको छ।

१.२.१० सहायता प्रतिको परनिर्भरता घटाउने प्रयास बढ्दो छ । "सहायताबाट आत्मनिर्भरता" भन्ने अवधारणाले विकासशील राष्ट्रहरूलाई आत्मनिर्भर बनाउन दिगो आर्थिक विकासमा जोड दिएको छ।

१.२.११ विकास सहायताको प्रशासनिक लागत न्यूनीकरण गर्न विकास साझेदारहरुमा समेत प्रतिस्पर्धा बढ्दो छ । भएका संरचनाको कटौती गर्ने, नयाँ प्रविधिको प्रयोग अभिवृद्धि गर्ने, कार्यान्वयमा आफै सहभागी नभै तेश्रो पक्षलाई संलग्न गराउने, द्धिपक्षीय साझेदारहरुले आयोजना तथा कार्यक्रममा गैर सरकारी संस्थालाई प्रोत्साहित गर्ने, समान काममा एकभन्दा बढी साझेदारहरु मिली संयुक्त रुपमा कार्य गर्ने जस्ता प्रवृत्ति बढ्दै गएको छ ।

१.२.१२ हाइब्रिड वित्तीय मोडेलहरूको खोजी र उपयोग बढ्दो छ । अनुदान, ऋण, र निजी लगानी मिश्रण गरेर विकास आयोजनाहरूलाई आर्थिक रूपमा सबल बनाउने हाइब्रिड वित्तीय मोडेलहरूको खोजी गर्ने र यसलाई अभ्यासबाट पुष्टि गर्ने प्रवृत्ति पनि तीव्र हुँदै गएको छ।

१.२.१३ सार्वजनिक निजी साझेदारी (पब्लिक-प्राइभेट पार्टनरशिप) को अवधारणा र अभ्यास बढ्दै गएको छ ।निजी क्षेत्रलाई विकास सहयोगमा संलग्न गराउँदै सार्वजनिक-निजी साझेदारी मोडेललाई प्राथमिकता दिइएको छ। यो मोडेलले ठूलो मात्रामा वित्तीय स्रोत जुटाउन र नवीन समाधानहरू कार्यान्वयन गर्न मद्दत पुऱ्याएको छ।

DRAFT

१.२.१४ वैदेशिक सहायता प्रणाली प्रति पारदर्शिता, उत्तरदायित्व र परिणामको प्रभावकारिता सुनिश्चित गर्नु अझै चुनौतीपूर्ण रहेको छ। विश्वव्यापी रुपमा विकास सहायताको ठूलो अंश सरकारको प्रणाली भन्दा बाहिर परिचालन हुने गरेको, कुनै क्षेत्र विशेषमा सहायता इयरमार्क हुने गरेको, विकास साझेदारले आफ्नै देशका गैर सरकारी संस्था मार्फत विकास सहायता कार्यान्वयन गर्ने अभ्यास बढेको, दातृ राष्ट्र र निकायको संख्या बढेको भएपनि सहायता छरिएको, स-साना तर धेरै संख्यामा परियोजना रहेको, फरक फरक मापदण्ड हुँदा कार्यान्वयन जटिल भएको, समन्वयमा समस्या देखा परेको र सहायता प्राप्त गर्ने मुलुकको कार्यान्वयन क्षमता अपर्याप्त भएको जस्ता चुनौतीहरु रहेका छन।

१.२.१५ पछिल्लो समयमा युद्धग्रस्त मुलुक तर्फ विकास सहायता परिचालन हुँदा अन्य मुलुकमा जाने विकास सहायताको परिमाण घट्ने अवस्था छ। भू-राजनीतिक दबाबले पनि विकास सहायताको प्राथमिकतालाई प्रभाव पारेको देखिन्छ।

१.२.१६ विकास सहायताका उदीयमान प्रवृत्तिलाई अवसर र चुनौती दुबै रुपमा लिई दिगो विकास र आर्थिक समृद्धिमा सहयोग पुग्ने गरी अन्तर्राष्ट्रिय अभ्यासलाई आफ्नो सन्दर्भ र हितमा उपयोग गर्नुपर्ने देखिन्छ।

## १.३ नेपालमा विकास सहायताको समीक्षा

नेपालले द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट अनुदान तथा सहुलियतपूर्ण ऋण मार्फत वित्त श्रोत प्राप्त गर्दै आएको छ । साथै प्राविधिक तथा मानवीय सहायताका रुपमा समेत आवश्यकतानुसार वैदेशिक सहायता परिचालन गर्दै आएको छ । जलविद्युत, सडक, पुल, सिंचाई, शहरी विकास जस्ता पूर्वाधार क्षेत्रमा; शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी जस्ता मानवीय तथा सामाजिक क्षेत्रमा र वि. सं. २०७२ मा आएको ठूलो भुकम्पपछिको पुनर्निर्माण र कोभिड महामारी लगायत अन्य प्राकृतिक विपत्तिमा वैदेशिक सहायताको ठूलो उपलब्धि रहेको छ । प्रारम्भिक चरणमा सहुलियत ऋणको तुलनामा अनुदानको हिस्सा बढी रहेकोमा पछिल्ला बर्षहरुमा अनुदानको हिस्सा घटेको र सहुलियतपूर्ण ऋणको हिस्सा बढ्दै गएको छ । सहुलियत ऋणतर्फ पनि पछिल्ला वर्षहरुमा नीतिगत सुधारमा आधारित बजेटरी सहयोग परिचालनको हिस्सा उलेख्य रहेको छ। विकास सहायताको परिमाणमा द्विपक्षीय भन्दा बहुपक्षीय विकास सहायताको हिस्सा बढ्दै गएको छ। बहुपक्षीय संस्थाबाट लिएका सहुलियतपूर्ण ऋणको ब्याज तुलनात्मक रुपमा न्यून र साँवा भुक्तानी अवधि लामो भएता पनि अमेरिकि डलर र नेपाल मुद्राबीचको विनिमय दरमा भएको परिवर्तनले

लागतमा बृद्धि हुने गरेको छ । सार्वजनिक लगानीका आयोजना समयमा सम्पन्न नभई प्रतिफल प्राप्त गर्न ढीलाई हुने तर विगतमा लिएका ऋणको भुक्तानी अवधि क्रमशः शुरु हुने भएकाले वैदेशिक ऋणको साँवा व्याज भुक्तानीको आकार समेत बढ्दै गएको छ ।

राजनीतिक परिवर्तनले निर्धारण गर्ने राष्ट्रिय प्राथमिकताहरु, अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा भू राजनीतिक परिस्थितिमा आउने फेरबदल र त्यसबाट उत्पन्न हुने नयाँ परिस्थितिले समेत विकास सहायता प्रभावित हुने गरेको छ ।

आयोजना कार्यान्वयनको पूर्व तयारी पुरा नभै विकास सहायता सम्बन्धी सम्झौता हुने तर कार्यान्वयनका क्रममा तोकिएको समय र लागतमा आयोजना पुरा हुन नसक्ने गरेका थुप्रै दृष्टान्तहरु रहेका छन् । खरिद प्रकृया तथा ठेक्का व्यवस्थापनमा देखिएका समस्या र अन्तरनिकाय समन्वयको कमीका कारणले समेत विकास सहायता परिचालनमा अपेक्षित सुधार हुन सकेको छैन ।आयोजना व्यवस्थापन क्षमतामा अपेक्षित सुधार हुन नसक्दा आयोजना प्रभावित हुन पुगेको छ ।वैदेशिक सहायतामा सञ्चालित अधिकाँश आयोजनाहरू शोधभर्नामा आधारित भएकाले आयोजनामा भएको कार्य प्रगति र सो का आधारमा भएको खर्च समयमा शोधभर्ना माग नहुने, माग भएको शोधभर्नाको रकम समेत प्राप्त भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन र नियमन नहुने कारण सरकारको नगद प्रवाहमा निरन्तर चाप पर्न गएको छ । सहायता परिचालन खण्डीकरणलाई अझै देखिने गरी सुधार गर्न सकिएको छैन ।दिगो र दीर्घकालीनभन्दा छोटो समय र अल्पकालीन फाईदा तथा प्रतिफलमा बढी ध्यानकेन्द्रित हुन गएको छ ।

विकास सहायताको अधिकाँश हिस्सा कार्यसम्पादनमा आधारित हुने भएकोले आयोजना / कार्यक्रम समयमा कार्यसम्पन्न नहुँदा विकास सहायता प्रतिबद्धताको तुलनामा न्यून हिस्सा मात्र परिचालन हुने गरेको र यसले थप विकास सहायता परिचालन हुनसक्ने संभावनालाई घटाउने जोखिम रहेको छ ।

वातावरण तथा जलवायु परिवर्तनका कारण सिर्जित प्राकृतिक प्रकोप तथा स्वास्थ्य सम्बन्धी महामारीले वैदेशिक सहायताको उल्लेख्य हिस्सा जलवायु परिवर्तन सम्बन्धी जोखिम न्यूनीकरण र अनुकुलनमा प्रवाह हुन गएको छ ।नीतिगत सुधारमा आधारित बजेट प्रणालीमा प्राप्त हुने वैदेशिक सहायता परिचालनमा अन्तर निकाय अपनत्व र समन्वय नहुँदा सुधारका एजेन्डाको प्रभावकारिता अभिवृद्धि र दिगोपना कायम गर्न सकिएको छैन । विकास सहायता परिचालनमा अपेक्षित रुपमा संस्थागत तथा प्राविधिक क्षमता सुधार गर्न सकिएको छैन । कतिपय विकास साझेदारको सहायता परिचालनमा आ–आफ्नै शर्त र मापदण्ड भएकाले कार्यान्वयन गर्ने निकायलाई समयमै कार्यसम्पादन गर्न अस्पष्टता

र जटिलता हुने गरेको छ । द्विपक्षीय सहायता परिचालनमा विकास साझेदारका प्राथिमकता र राष्ट्रिय प्राथमिकताबीच तादाम्यता कायम गर्न सकिएको छैन ।

विकास सहायता परिचालन सम्बन्धी समय सापेक्ष नीति परिमार्जन गर्ने क्रममा विकास सहायता नीति २०७१ लाई खारेज गरी २०७६ सालमा अन्तर्राष्ट्रिय आर्थिक विकास सहायता परिचालन नीति जारी भएको थियो । विगतका नीतिहरु एकल सरकारको अवधारणामा विकास भएको थियो । मुलुक संघीय प्रणालीमा गएपछि तीन तहको सरकारको सन्दर्भमा यो नीति जारी भएको थियो । उक्त नीतिमा व्यापारिक ऋण सम्बन्धी व्यवस्था, समिश्रित वितीय व्यवस्था, विपद व्यवस्थापन लगायत संघीय ढाँचामा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन र अनुगमन तथा मूल्याँङ्कन सम्बन्धी नयाँ व्यवस्थाहरु राखिएका थिए ।

उक्त नीति जारी भएपछि विकास सहायता परिचालनका प्रावधान समेत उल्लेखित केहि नयाँ महत्वपूर्ण कानूनहरु समेत लागू भयो । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा विकास सहायता परिचालन सबन्धी प्रावधानहरु समावेश भए ।परिवर्तित संघीय संरचना अनुरुप सहायता परिचालनका लागि सोहि समयमा प्रदेश तथा स्थानीय निकायमा अन्तर्राष्ट्रिय विकस सहायता परिचालन सम्बन्धी मापदण्ड २०७६ जारी भयो ।

तेह्रौ पञ्चवर्षीय योजनाको अन्तिम आर्थिक वर्षमा यो नीति जारी भएको थियो । सो पश्चात चौधो र पन्ध्रौ पञ्चवर्षीय योजना जारी भै सो अनुसार कार्यक्रमहरु कार्यान्वयनमा गए । हाल सोह्रौ पञ्च वर्षीय योजना लागु भएको छ । आवधिक योजनासंगै सरकारका आवश्यकता र प्राथमिकताहरु समेत परिवर्तन भएका छन् ।

## १.४ नीति परिमार्जनको आवश्यकता

विद्यमान अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयनका क्रममा बदलिँदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिप्रेक्ष्य अनुरुप विकास सहायतामा नयाँ नयाँ प्रवृत्ति र अभ्यास स्थापित भएका छन् । विकास साझेदाहरुको प्राथमिकतामा समेत परिवर्तन हुँदे आएको छ ।विकास साझेदारको आ–आफ्नै वित्त चुनौतीका कारण वैदेशिक सहायताको संरचनामा परिवर्न हुँदै गएको छ । सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा तीब्र विकास भएको छ। एउटा क्षेत्रमा भएको विकासको राम्रो अभ्यास अन्य देशहरुले अनुशरण गर्ने लहर चलेको छ। तत्कालीन समयमा उपयुक्त देखिएका कतिपय नीतिगत व्यवस्था हालको सन्दर्भमा असान्दर्भिक हुन पुगेको छ । निजी क्षेत्रको भूमिकालाई विकास कार्यमा अभिवृद्धि गर्न विकास सहायता परिचालनमा नीतिगत थप स्पष्टता आवश्यक देखिएको छ । प्रदेश तथा

स्थानीय निकायमा विकास सहायता परिचालनको आकार बढदै गएको कारण विकास सहायतामा परिचालनमा अन्तर निकाय र अन्तर सरकार समन्वय र सहकार्यको थप  स्पष्टता आवश्यक देखिएको छ ।

परम्परागत सहायतामा विश्वव्यापी रुपमा गिरावट आईरहेकोले सो को स्वभाविक असर नेपालमा पनि पर्न गएको छ । विकास प्रयास सरकारको एकल प्रयास र साधनले मात्र सम्भव नहुने भएकोले निजी क्षेत्र लगायत अन्य विकास साझेदारहरुसँग भएको साधन, ज्ञान, सीप र अनुभवलाई उपयोग गर्दै जानुपर्ने आजको टड्कारो आवश्यकता छ । समयको प्रवाहसंगसंगै  विकास भएका विकास सहायताका नयाँ नयाँ अवधारणा, वित्तीय उपकरण र शैलीको विकास लाई आत्मसात गर्दै विकास सहायतामा नवीनतम वित्तीय उपकरणहरू परिचालन र उपयोग गर्न नयाँ नीतिको आवश्यकता देखिएको छ ।

सन् २०२६ मा नेपाल विकासशील राष्ट्रको रुपमा स्तरोन्नति भए पश्चात नेपालले प्राप्त गर्दै आएको सहुलियत तथा सुविधामा केही असर पर्नसक्ने र प्रतिव्यक्ति राष्ट्रिय आयमा हुने वृद्धिसंगै  द्विपक्षीय र बहुपक्षीय विकास साझेदारका सहुलियतपूर्ण विकास सहायताका लागि निर्धारित मापदण्डका कारण नेपालले प्राप्त गर्न सहायताको लागत क्रमशः बढने, अनुदान सहायता घटदै जाने र सहुलियतपूर्ण ऋण भुक्तानी अवधि कम हुने भएकोले सोही अनुरुप विकास सहायता परिचालनमा छनौटपूर्ण हुनुपर्ने अवस्था छ।

नेपाल सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा अन्तरसम्बन्धित विषयगत नीतिमा पनि विकास सहायता सम्बन्धित प्रावधान रहने गरेका छन् । यसका अतिरिक्त संघीय संसद, विषयगत समिति र संवैधानिक निकायहरुबाट पनि सरकारलाई मार्गनिर्देश प्राप्त हुने गरेको छ । मौजुदा विकास सहायता परिचालन नीति, २०७६ ले नीतिको कार्यान्वयनको मूल्याङ्कन सामान्यता प्रत्येक दुई वर्षमा गरिने उल्लेख गरेको छ । विकास साझेदार, निजी क्षेत्र लगायत अन्य क्षेत्रहरुबाट समेत विकास सहायताका लागि महत्वपूर्ण सुझाव प्राप्त हुने गरेको छ । सार्वजनिक क्षेत्रको सीमित साधन र श्रोतको उच्चतम उपयोग गर्दै विकास अभियानमा निजी क्षेत्रलाई थप प्रोत्साहित गर्नुपर्ने अवस्था छ । हालै स्वीकृत सोह्रौ योजनाले समेत राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई नयाँ ढंगले परिभाषित गरेको छ । उपरोक्त सबै पक्षलाई आत्मसात गर्दै सो सँग तादाम्यता गर्न समय सापेक्ष्य नयाँ विकास सहायता परिचालन नीति जारी गर्नुपर्ने आवश्यकता छ ।

## १.५ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा

(क) "अनुदान" भन्नाले फिर्ता गर्नु नपर्ने गरी सरकारलाई भविष्यमा कुनै पनि वित्तीय दायित्व नपर्ने गरी प्राप्त हुने विकास सहायता सम्झनु पर्छ ।

(ख) "अन्तर्राष्ट्रिय परामर्श सेवा" भन्नाले विदेशी संस्था वा नागरिकबाट प्राप्त हुने परामर्श सेवा सम्झनु पर्छ ।

(ग) "विकास सहायता" भन्नाले सरकारलाई विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि द्विपक्षीय राष्ट्र, बहुपक्षीय तथा क्षेत्रीय संस्था र अन्य विश्वव्यापी कोषबाट प्राप्त हुने वित्तीय, प्राविधिक, एवम् वस्तुगत सहायता सम्झनु पर्छ ।

(घ) "अन्य ऋण" भन्नाले सहुलियतपूर्ण ऋण बाहेकका निर्यात-आयात बैंक तथा यस्तै अन्य निकायबाट आयोजनाका लागि प्राप्त हुने ऋण सम्झनु पर्छ ।

(ङ) "कार्यक्रममा आधारित सहायता" भन्नाले सरकारको विस्तृत कार्यक्रम र बजेटको खाकालाई सहयोग गर्ने, सरकारको कार्यान्वयन निकायको नेतृत्वमा कार्यान्वयन हुने, औपचारिक एवम् साझा संयन्त्रमार्फत विकास साझेदारहरू बीचको समन्वय, प्रतिवेदन, बजेट, वित्त व्यवस्थापन तथा खरिदका प्रक्रियाहरूमा सामञ्जस्य कायम गर्ने गरी प्राप्त हुने सहायता सम्झनु पर्छ ।

(च) "अन्तर्राष्ट्रिय गैर सरकारी संस्था" भन्नाले समाज कल्याण ऐन २०४९ को दफा १२ बमोजिम नेपाल भित्र काम गर्न अनुमति प्राप्त वा अनुमति प्राप्त गर्न चाहने विदेशी संघ संस्थालाई जनाउनेछ ।

(छ) "जलवायु कोष" भन्नाले संयुक्त राष्ट्रसंघीय जलवायु प्रारुप महासन्धी अन्तर्गत स्थापित जलवायु कोषका अतिरिक्त जलवायु परिवर्तनसँग सम्बन्धित द्विपक्षीय तथा बहुपक्षीय जलवायु कोषहरु समेतलाई सम्झनुपर्दछ।

(ज) "जलवायु वित्त" भन्नाले नियमित रुपमा परिचालन हुँदै आएको द्विपक्षीय तथा बहुपक्षीय सहायता बाहेक कार्बन उत्सर्जन न्यूनीकरण, जलवायु परिवर्तन अनुकुलन तथा नोक्सानी वापतको क्षतिपुर्ति वापत प्राप्त हुने सहायता रकमका अतिरिक्त कार्बन व्यापारबाट प्राप्त हुने रकमलाई सम्झनुपर्दछ।

(झ) "टर्न की" भन्नाले द्विपक्षीय सम्झौता बमोजिम विकास साझेदार प्रत्यक्ष रुपमा कार्यान्वयनमा संलग्न भई निर्माण सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना कार्यान्वयन विधि सम्झनु पर्छ ।

(ञ) "आयोजना सहायता" भन्नाले सरकारलाई पूर्व निर्धारित उद्देश्य, बजेट एवम् प्रतिफल प्राप्त गर्नका लागि छुट्टै आयोजना सञ्चालन गर्न प्राप्त हुने सहायता सम्झनु पर्छ ।

DRAFT

(ट) “पेरिस घोषणापत्र” भन्नाले सन् २००५ मा पेरिसमा सम्पन्न सहायता प्रभावकारिता सम्वन्धी उच्चस्तरीय सम्मेलनमा विकास सहायतालाई प्रभावकारी बनाउन स्वामित्व, आबद्धता, सामञ्जस्य, नतिजामूलक व्यवस्थापन र पारस्पारिक जवाफदेहिता समेतका सिद्धान्तमा आधारित असल अभ्यासहरूको पहिचान गर्दै तिनको अवलम्बन गर्नका लागि सबै सहभागी विकास साझेदार, प्रापक राष्ट्र तथा संस्थाहरूले संयुक्त रुपमा जारी गरेको प्रतिबद्धता सहितको घोषणापत्र सम्झनु पर्छ ।

(ठ) “प्रदेश” भन्नाले नेपालको संविधानको अनुसूची ४ बमोजिमका प्रदेश सम्झनु पर्छ ।

(ड) “प्राविधिक सहायता” भन्नाले विकास साझेदारले व्यक्तिगत, संस्थागत र सामाजिक तहमा सीप, ज्ञान, सचेतना, नवीनता, उद्यमशीलता, नीति, कानून, प्रणाली, कार्यविधि, प्रविधि जस्ता क्षेत्रमा अध्ययन, तालिम, परामर्श, उपकरण र लजिष्टिक सहायताका रुपमा मूलतः राष्ट्रिय क्षमता न्यूनता पूर्ति गर्न सघाउ पुऱ्याउने उद्देश्यले उपलब्ध गराउने वित्तीय, वस्तुगत, सेवाजन्य वा मिश्रित सहायता सम्झनु पर्छ।

(ढ) “बजेट सहायता” भन्नाले कुनै क्षेत्रको संस्थागत सुधारसँग आबद्ध भई वा नभई विकासका प्राथमिकता तथा कार्यक्रमहरूमा रकम विनियोजन गर्न सहयोग पुग्ने गरी सरकारी कोषमा प्राप्त हुने सहायता सम्झनु पर्छ।

(ण) “वस्तुगत सहायता” भन्नाले सहायताको रुपमा वस्तु नै प्राप्त हुने सहायतालाई सम्झनु पर्दछ । सो शब्दले नगद सहायता, प्राविधिक सहायता, टर्न कि बाहेकका सहायतालाई जनाउने छ ।

(त) “मन्त्रालय” भन्नाले संघीय अर्थ मन्त्रालय सम्झनुपर्दछ ।

(थ) “मानवीय सहायता” भन्नाले प्राकृतिक वा स्वास्थ्य सम्बन्धी प्रकोप वा संकट वा विपद्का समयमा वा सो पश्चात द्विपक्षीय राष्ट्र वा बहुपक्षीय संस्था वा अन्य विदेशी संघ संस्थाले मानवीयताका आधारमा अनुदानमा उपलब्ध गराउने वस्तु वा सेवा वा आर्थिक सहायता सम्झनु पर्दछ ।

(द) “विकास साझेदार” भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि वित्तीय, प्राविधिक एवम् वस्तुगत सहायता प्रदान गर्ने द्विपक्षीय राष्ट्र, बहुपक्षीय संस्था वा अन्य विश्वव्यापी कोष सम्झनु पर्छ ।

(ध) “विषयगत मन्त्रालय” भन्नाले संघीय सरकारका विषयगत मन्त्रालय सम्झनुपर्दछ।

(न) “सम्मिश्रित वित्तीय व्यवस्था” भन्नाले परम्परागत वैदेशिक सहायताका अतिरिक्त व्यावसायिक सम्भाव्यता भएका निजी क्षेत्र, सहकारी क्षेत्र, दानदातव्य कोष लगायतका अन्य वित्तीय स्रोतहरू

समेतलाई रणनीतिक रुपमा विकास कार्यमा परिचालन गर्ने उद्देश्यले गरिने वित्तीय व्यवस्था सम्झनु पर्छ ।

(ऩ) "सहुलियतपूर्ण ऋण" भन्नाले नेपाल सरकार सदस्य रहेका बहुपक्षीय विकास साझेदारले प्रदान गर्ने ऋणको व्याजदर, भुक्तानी समय र सहुलियत अवधिभन्दा कम नहुने गरी प्राप्त हुने ऋण सम्झनु पर्छ ।

(प) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमका स्थानीय तह सम्झनुपर्दछ। यस अन्तर्गत जिल्ला समन्वय समिति समेत पर्दछ ।

(फ) "स्वयंसेवक" भन्नाले नेपाल सरकारसँग हुने खाका सम्झौताको प्रावधान अन्तर्गत नेपाल सरकारबाट कुनै पारिश्रमिक नलिने गरी नेपालमा आई सेवा प्रदान गर्ने निश्चित शैक्षिक योग्यता, विशेषज्ञता र अनुभव भएका विदेशी नागरिक सम्झनु पर्छ।

(ब) "क्षेत्रगत सहायता अवधारणा" भन्नाले कुनै विषयगत क्षेत्रको समग्र नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले संयुक्त वित्तीय सम्झौता, साझा कार्ययोजना र संयुक्त आचार संहिता अन्तर्गत सञ्चालन गरिने नतिजा तथा कार्यक्रममा आधारित विकास सहायता सम्झनु पर्छ ।

DRAFT

# भाग - दुई
## दुरदृष्टि, ध्येय, उद्देश्य, लक्ष्य र रणनीति

### २.१ दुरदृष्टि
विकास सहायता परिचालन सम्बृद्ध राष्ट्रनिर्माणमा उपयोग ।

### २.२ ध्येय
राष्ट्रको सम्बृद्धि हासिल गर्न विकास सहायतालाई राष्ट्रको आवश्यकता र प्राथमिकता अनुरुप उत्पादनशील र उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा उपयोग गर्ने ।

### २.३ उद्देश्य
२.३.१ उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा विकास सहायता केन्द्रित गरी उपयोग क्षमता बढाउने ।

२.३.२ विकास सहायतालाई राष्ट्रिय प्रणालीको उपयोग मार्फत आन्तरिक क्षमता अभिवृद्धि गर्न परिचालन गर्ने ।

२.३.३ राष्ट्रिय स्वार्थ अनुकूल हुनेगरी विकास सहायता परिचालनका उपकरणमा विविधीकरण गर्ने ।

२.३.४ विकास सहायता परिचालनमा प्रभावकारिता र पारदर्शिता सुनिश्चित गर्ने ।

### २.४ लक्ष्य
२.४.१ प्रतिव्यक्ति राष्ट्रिय आयमा हुने वृद्धिसंगै नयाँ सर्त र मापदण्ड अनुरुप प्राप्त हुने विकास सहायतालाई राष्ट्रिय प्राथमिकता र उच्च प्रतिफल हुने क्षेत्रमा परिचालन गर्ने ।

२.४.२ सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न विकास साझेदारहरूसँग साझेदारी गरी विकास सहायता परिचालन गर्ने ।

२.४.३ आवधिक योजनाको लक्ष्य हासिल गर्न गर्नुपर्ने लगानीको लागि आवश्यक स्रोत र साधनको न्यूनता परिपूर्ति गर्ने ।

२.४.४ जलवायु वित्तको उपयोग मार्फत जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणमा जोड दिने ।

२.४.५ विकास सहायता परिचालनको उपयोग क्षमतामा उल्लेख्य वृद्धि गर्ने ।

### २.५ रणनीति
२.५.१ विकास सहायतालाई राष्ट्रिय प्रणाली तथा प्राथमिकतासँगको तादाम्यता अभिवृद्धि गर्ने ।

२.५.२ विकास सहायताको नतिजाप्रति सहायता प्राप्त गर्ने पक्ष र विकास साझेदारको संयुक्त जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्ने ।

२.५.३ बजेट सहायता, कार्यक्रम र आयोजनामा आधारित विकास सहायता र क्षेत्रगत सहायतामा जोड दिंदै राष्ट्रिय उपयोग क्षमता बढाउने ।

२.५.४ निजी क्षेत्रको विकास र निजी पुँजी आकर्षित गर्न जोड गरी विकास सहायता परिचालन गर्ने ।

२.५.५ जलवायु न्यायको मान्यताका आधारमा नेपाललाई लाभ हुने गरी उपलब्ध जलवायु वित्तको अधिकतम परिचालन गर्ने ।

२.५.६ राष्ट्रिय क्षमता तथा विशेज्ञताको कमी पूरा गर्न छनौटपूर्व प्राविधिक सहायता उपयोग गर्ने ।

२.५.७ राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वस्तुगत सहायता उपयोग गर्ने ।

२.५.८ विपद् तथा मानवीय सहायतालाई लक्षित क्षेत्रमा शीघ्र परिचालन गर्ने ।

२.५.९ अन्तर्राष्ट्रिय स्तरमा स्थापित कोषको पहुँचमा वृद्धि गरी विकास सहायता परिचालन गर्ने ।

२.५.१० विकास सहायता परिचालनमा संघ, प्रदेश र स्थानीय तहको स्वामित्व र समन्वय सुदृढ गर्ने ।

२.५.११ विकास सहायताको दक्षतापूर्ण उपयोग गर्न अन्तरनिकाय समन्वय सुदृढ गर्ने ।

२.५.१२ विकास सहायताका परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी सुदृढ गर्ने।

२.५.१३ गैर सरकारी संस्था मार्फत परिचालन हुने सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा जवाफदेहीपूर्ण तथा पारदर्शी रुपमा उपयोग गर्ने ।

## २.६ विकास सहायता परिचालनका प्राथमिकताहरू

राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी देहायका राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विकास सहायता परिचालन गरिने छः

(क) यातायात, उर्जा, ग्रामीण तथा शहरी पूर्वाधार

(ख) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ

(ग) कृषि, पर्यटन, उद्योग र वाणिज्य क्षेत्रको विकास

(घ) मानव पूँजी निर्माण, रोजगारी सिर्जना र गरिबी निवारण,

(ङ) नवप्रवर्तन, सूचना प्रविधिको विकास र हस्तान्तरण,

(च) विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण,

(छ) सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले विकास सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरू ।

# भाग - तीन
# नीति तथा कार्यनीति

## कार्यनीति

**३.१ रणनीति २.५.१ सँग सम्बन्धित** (विकास सहायतालाई राष्ट्रिय प्रणाली तथा प्राथमिकतासँग तादाम्यता अभिवृद्धि गर्ने)

३.१.१ आवधिक विकास योजनाले पहिचान गरेका विषयगत एवम् क्षेत्रगत नीति प्राथमिकता अनुरुपका कार्यक्रम कार्यान्वयन गर्ने ।

३.१.२ संघ, प्रदेश तथा स्थानीय तहका विषय-क्षेत्रगत नीति, वार्षिक नीति तथा कार्यक्रम तथा बजेट मार्फत घोषणा भएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने ।

३.१.३ सरकारले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका प्रतिबद्धता पुरा गर्न तय गरिएका कार्यक्रम कार्यान्वयन गर्ने ।

३.१.४ सहायतालाई संघ, प्रदेश र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी सरकारी कोष मार्फत परिचालन गर्न प्राथमिकता दिने ।

३.१.५ सार्वजनिक खरिद, लेखाङ्कन, प्रतिवेदन, लेखा परीक्षण, सामाजिक तथा लैङ्गिक मुद्दा एवम् वातावरणीय प्रभाव न्यूनीकरणका मुद्दाहरू सम्बोधन गर्दा राष्ट्रिय कानून र प्रणालीसँग सामञ्जस्य हुने गरी सहायता परिचालन गर्ने ।

३.१.६ विकास सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रम उपलब्ध भएसम्म सरकारको विद्यमान संरचना र जनशक्तिबाटै कार्यान्वयन गर्न जोड दिने ।

३.१.७ समन्यायिक विकासमा योगदान पुर्‍याउने गरी दुर्गम क्षेत्रका प्राथमिकता प्राप्त कार्यक्रमहरूको लागि विकास सहायताबाट स्रोत उपलब्ध गराउन प्राथमिकता दिने ।

३.१.८ राष्ट्रका संवेदनशील क्षेत्र तथा विषयहरूमा विदेशी सहायता स्वीकार नगरिने ।

३.१.९ विकास साझेदारका साझेदारी खाका / रणनीतिसंग राष्ट्रिय आवश्यकता बीच तादाम्यता हुने गरी विकास सहायता परिचालन गर्न प्राथमिकता दिने ।

३.१.१० विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरलाई अनुकूलन र न्यूनीकरण गर्न बनाइएका योजना तथा खाका कार्यान्वयन गर्न सहायता प्राप्त गर्ने ।

३.१.११ विकास सहायता मार्फत आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गर्न उपयुक्त देखिएको क्षेत्र तथा कार्यक्रममा सहायता परिचालन गर्ने।

DRAFT

३.१.१२ व्यापार सम्बन्धी पूर्वाधार विकास, व्यापार सहजीकरण, व्यापार क्षमतामा अभिवृद्धि र निकासी सम्बन्धी उद्योगको विकास गर्न व्यापारका लागि सहायता मार्फत प्राप्त हुने विकास सहायता परिचालन गर्ने।

**३.२ रणनीति २.५.२ सँग सम्बन्धित** (विकास सहायताको नतिजाप्रति सहायता प्राप्त गर्ने पक्ष र विकास साझेदारको संयुक्त जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्ने)

३.२.१ आयोजना पहिचान चरण देखि नै कार्यान्वयन गर्ने निकायलाई सक्रिय सहभागी गराई स्वामित्व अभिवृद्धि गर्ने ।

३.२.२ विकास साझेदार तथा सहायता प्राप्त गर्ने पक्षले सहायताको शीघ्र कार्यान्वयनका लागि प्रकियागत सरलीकरणमा जोड दिने ।

३.२.३ विकास सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित रुपमा अनुगमन र आवधिक मूल्याङ्कन गर्ने ।

३.२.४ विकास सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रमको संयुक्त रुपमा प्रगति समीक्षा गरी देखिएका समस्याको निराकरण गर्ने ।

३.२.५ विकास सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रम समयमै सम्पन्न गरी अपेक्षित प्रतिफल हासिल भएको नतिजा प्रति दुबै पक्षले संयुक्त रुपमा जवाफदेहिता र उत्तरदायित्व बहन गर्ने ।

**३.३ रणनीति २.५.३ सँग सम्बन्धित**

**(बजेटरी, कार्यक्रम र आयोजनामा आधारित र क्षेत्रगत सहायतामा सार्थक पहुच स्थापित गर्दै उपयोग क्षमता बढाउने)**

**३.३.१ आयोजनामा आधारित सहायता प्राप्त गर्दा देहायका विषयमा जोड दिने ।**

३.३.१.१ आयोजना छनोट गर्दा आर्थिक संभाव्यता, उच्च प्रतिफल दर, न्यून सञ्चालन खर्च, नवीनता, थप लगानी आकर्षित गर्ने क्षमता (उच्च लिभरेज) र दिगोपनालाई आधार बनाइने।

३.३.१.२ पूर्वतयारी पूरा भएका, लागत लाभ विश्लेषणबाट प्रतिफलयुक्त देखिएका तथा कार्यान्वयन निकाय र विधि एकिन भएका आयोजना छनोट गरिने।

३.३.१.३ विकास साझेदारको बहुवर्षीय आयोजना सूचीमा समावेश गर्दा क्षेत्रगत प्राथमिकतामा समावेश भएका आयोजनाहरूमध्ये प्राथमिकताक्रमका आधारमा छनोट गर्ने।

३.३.१.४ मन्त्रालयले विकास गरेको प्रोजेक्ट रेडिनेस फिल्टर बमोजिम आयोजना विकासका पूर्वतयारी पुरा भएको हुनुपर्ने।

३.३.१.५ आयोजना कार्यान्वयनका लागि आवश्यक परामर्शदाता प्रतिको निर्भरता क्रमशः घटाउँदै नेपाल सरकारकै जनशक्तिबाट कार्यान्वयन गर्न प्राथमिकता दिने।

३.३.१.६ आयोजना कार्यान्वयनका क्रममा खरिद विधि अवलम्बन गर्दा सकेसम्म राष्ट्रिय खरिद कानून अवलम्बन गर्न जोड दिने । विकास साझेदारको खरिद नीति कार्यान्वय गर्दा विकास साझेदार र नेपाल सरकारको खरिद कानून तथा प्रक्रिया बीच तादात्म्यता कायम गर्न जोड दिने।

३.३.१.७ आयोजना सम्झौता गर्दा नै अन्तरनिकाय जिम्मेवारी तथा कार्यान्वयन कार्ययोजना तय गर्ने।

३.३.१.८ आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने निर्माण सामग्री लगायतका आगतको सुनिश्चितता गरिने।

३.३.१.९ ठुला आयोजना कार्यान्वयनका क्रममा आउने समस्या तत्काल समाधानका लागि मन्त्रालयको नेतृत्वमा अन्तरनिकाय प्रतिनिधित्व रहेको संयन्त्र निर्माण गरिने।

३.३.१.१० आयोजना कार्यान्वयनका क्रममा संघ, प्रदेश तथा स्थानीय तहबीच उच्च स्तरको समन्वय कायम गरी आयोजना कार्यान्वयनका लागि सहजीकरण गर्ने।

३.३.१.११ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा आयोजनाको सञ्चालन खर्च न्यून गर्न र कार्यान्वयनमा ढिलाइ हुन नदिन साना प्रकृतिका एकल आयोजनाहरूका निम्ति विकास साझेदारको साझा कोष निर्माण गर्न विकास साझेदारहरूलाई प्रोत्साहित गरिने ।

३.३.१.१२ ठूला प्रकृतिका उच्च लागत भएका आयोजनामा एकभन्दा बढी विकास साझेदारसंग विकास सहायता परिचालन गर्नुपरेमा नेतृत्व गर्ने विकास साझेदारमार्फत समन्वय गर्ने प्रणाली विकास गर्न जोड दिने । विकास सहायताका शर्तहरु समेत नेतृत्व गर्ने विकास साझेदारकै लागू हुने व्यवस्था गर्ने ।

३.३.१.१३ साझा कोषबाट प्राप्त हुने रकम राष्ट्रिय बजेटमा समावेश गरी मूलतः प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने मझौला र साना आयोजनामा खर्च गर्ने गरी हस्तान्तरण हुने व्यवस्था मिलाउने ।

३.३.१.१४ आयोजना प्रमुखको जिम्मेवारी आयोजना अवधिभरको लागि तोक्न जोड दिने।

DRAFT

**३.३.२ कार्यक्रममा आधारित र क्षेत्रगत सहायता प्राप्त गर्दा देहायका विषयमा जोड दिने**

३.३.२.१ आवधिक योजना र वार्षिक कार्यक्रमबाट निर्धारित परिमाणात्मक लक्ष्य समावेश गरी निकासा आबद्ध सूचक निर्धारण गर्ने ।

३.३.२.२ नतिजा तथा उपलब्धिको तेश्रो पक्षबाट मूल्याँकनका लागि सार्वजनिक क्षेत्रका विज्ञ र विशिष्टिकृत निकायलाई तोक्ने ।

३.३.२.३ प्राप्त हुने सहायता सम्बन्धित क्षेत्रका पूर्वाधार आयोजना तथा रुपान्तरणकारी आयोजना तथा कार्यक्रममा विनियोजन गर्ने ।

३.३.२.४ मन्त्रालयले तयार गरेको रेडिनेस फिल्टर बमोजिम कार्यक्रम विकासका पूर्वतयारी पुरा भएको हुनुपर्ने ।

३.३.२.५ कार्यक्रममा आधारित सहायता रकम शोधभर्ना प्राप्त गर्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको छुट्टै खातामा जम्मा गरी खर्चको प्रगतिको आधारमा केन्द्रिय खातामा स्थानान्तरण गर्ने ।

३.३.२.६ दाताको संयुक्त कोष सिर्जना गरी सकेसम्म अनुदान र ट्रष्ट फण्डमा जोड दिने ।

३.३.२.७ राष्ट्रिय कानुन तथा मापदण्ड लागु गर्न जोड दिने ।

**३.३.३ नीतिगत सुधारमा आधारित बजेट सहायता प्राप्त गर्दा देहायका विषयमा जोड दिने ।**

३.३.३.१ सरकारको प्राथमिकतामा रहेका नीतिगत तथा कानूनी सुधारलाई समावेश गरी सुधारका क्षेत्र कायम गर्ने ।

३.३.३.२ सुधारका लागि कार्यक्रम तय गर्न, तय गरिएका कार्यहरू सम्पन्न गर्न र सुधारलाई संस्थागत गर्न मन्त्रालयको नेतृत्वमा  सम्बन्धित मन्त्रालय / निकायको प्रतिनिधित्व रहेको संयन्त्र स्थापना गर्ने ।

३.३.३.३ पूर्व तयारी सम्पन्न भएका, उच्च प्राथमिकताका र रणनीतिक महत्वका आयोजना तथा कार्यक्रममा बजेटरी सहायताको विनियोजन गर्न जोड दिने ।

३.३.३.४ बजेट सहायतामा विनियोजन रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा सम्बन्धित आयोजनाको नाममा छुट्याई आगामी वर्षका लागि सोही आयोजनामा विनियोजन गर्ने ।उक्त आयोजना सम्पन्न भएपछि उपयोग हुन बाँकि रकम अर्को प्राथमिकता प्राप्त आयोजनामा विनियोजन गर्ने ।

**३.४ रणनीति २.५.४ सँग सम्बन्धित (**विकास सहायता परिचालन गर्दा निजी क्षेत्रको विकास र निजी पुँजी आकर्षित गर्न जोड दिने)

विकास सहायता परिचालन गर्दा देहायका नवीन वित्तीय उपकरणहरु उपयोग गरी निजी क्षेत्रको विकास र निजी पुँजी आकर्षित गरिने ।

**३.४.१ सम्मिश्रित वित्त विधिमा विकास सहायता परिचालन गर्दा देहाय बमोजिम गर्ने**

३.४.१.१ सरकारले विकास सहायताको प्रभावकारिता बढाउन तथा थप लगानी आकर्षित गर्न (सहायताको लिभरेज दर बढाउन) व्यापारिक, निजी, गैरसरकारी कोष तथा अनुदान र सहुलियतपुर्ण ऋण सहायतालाई मिश्रण गरी सम्मिश्रित वित्त विधिमा विकास सहायता परिचालन गर्न सकिने ।

३.४.१.२ यस विधि अन्तर्गत अनुदान तथा ऋण सहायताको रकम तथा उल्लिखित अन्य स्रोतको रकम एकै डालोमा राखी आयोजनाहरू व्यावसायिक रुपमा सम्भाव्य हुनेगरी तथा निजी पुँजी आकर्षित गर्ने गरी वित्तीय ढाँचा निर्धारण गर्न सकिने ।

**३.४.२ सार्वजनिक-निजी साझेदारीः**

३.४.२.१. नेपाल सरकारले तोकेका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू सार्वजनिक-निजी साझेदारी अन्तर्गत सञ्चालन गर्दा सोमा संलग्न सार्वजनिक क्षेत्रलाई पूँजीको अभाव परिपूर्ति गर्न नेपाल सरकार जमानी बसी ऋण परिचालन गर्न सक्ने ।

३.४.२.१. सार्वजनिक-निजी साझेदारीलाई संभाव्य र आकर्षक बनाउन सो मा संलग्न निजीक्षेत्रलाई वाह्यपुँजीमा पहुँच स्थापित गर्न सहजीकरण गर्ने ।

**३.४.३ भायविलिटि ग्याप फण्डिङ्गः**

३.४.३.१. सार्वजनिक निजी साझेदारीलाई आर्थिक रुपमा संभाव्य र आकर्षक बनाउन सरकारले विकास सहायता परिचालन गरी पुँजी लगानी गर्न, पुँजीगत अनुदान दिन वा अन्य विधि मार्फत वित्तीय जोखिम न्यूनीकरणमा साझेदारी गर्न सकिने ।

**३.४.४ वण्डः**

३.४.४.१. विकास वित्तको आवश्यकता पुरा गर्न कानूनद्धारा स्थापित हुने सार्वजनिक प्रकृतिका लगानी वा विकास कोषहरुमा बाह्य पुँजी परिचालन गर्न सहजीकरण गर्ने ।

३.४.४.२. सरकार स्वयंले वा राष्ट्रिय अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहभागितामा दिगो विकास, ऊर्जा तथा हरित विकास सम्बन्धी आयोजनामा लगानी गर्न निश्चित प्रतिफल दरको अनसोर वा अफसोर सार्वभौम वण्ड जारी गर्न सक्ने ।

DRAFT

३.४.४.३. सरकारको पुर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले यस्तो वण्ड जारी गर्न चाहेमा कानुन बमोजिम काउन्टर ग्यारेन्टि दिन सकिने।

**३.४.५ पुर्वाधार फण्डः**

३.४.५.१. निजीक्षेत्रको नेतृत्वमा यातायात, ऊर्जा तथा औद्योगिक पुर्वाधार आयोजना विकास गर्ने कम्पनीमा शेयर लगानी गर्न वा क्रेडिटलाईन सुविधा उपलव्ध गराउन पुर्वाधार फण्ड स्थापना गर्न सरकारले नीतिगत सहजीकरण गर्ने । यस कोषमा नेपाल सरकारको निर्णयले न्यून (माइनरिटी) शेयर लगानी गर्न सक्ने।

३.४.५.२.निजी क्षेत्रको नेतृत्वमा सञ्चालन हुने वा नेपाल सरकारको स्वामित्व भएका संस्थाले विकास गर्ने राष्ट्रिय प्राथमिकताका आयोजनाको पूँजी तथा लगानी संरचनाको निश्चित अंशमा नेपाल सरकार समेत सहभागी हुने गरी विकास सहायता परिचालन गर्न सक्ने ।

**३.४.६ निजी क्षेत्रमा परिचालन हुने सहायतामा सहजीकरण**

३.४.६.१. विकास साझेदारबाट निजी क्षेत्र विकासका लागि परिचालन गरिने सहायता रकम सरकारको प्रणालीबाट आवश्यक सार्वजनिक पूर्वाधार निर्माण, नीतिगत र नियामकीय व्यवस्थामा सुधार, प्रविधि हस्तान्तरण जस्ता क्षेत्रमा परिचालन गर्न सकिने।

३.४.६.१. मुलुकलाई छुट्टाइएको सहायता रकमको परिमाण बाहिरबाट निजी क्षेत्रमा प्रवाह हुने अनुदान वा ऋण परिचालनमा आवश्यक समन्वय र सहजीकरण गरिने। तर भविष्यमा सरकारको दायित्व हुने गरी यस्तो सहायता परिचालन नगरिने।

**३.५ रणनीति २.५.५ सँग सम्बन्धित** (जलवायु न्यायको मान्यताका आधारमा नेपाललाई लाभ हुने गरी जलवायु वित्तको अधिकतम परिचालन गर्ने)

३.५.१ सन् २०४५ भित्र कार्बन तटस्थ हुने प्रतिबद्धता (Net Zero carbon) पुरा गर्ने गरी तय भएको राष्ट्रिय निर्धारित योगदान (NDA) तथा राष्ट्रिय अनुकुलन योजना(NAP) को लागि श्रोतको आवश्यकता पुरा गर्ने गरी कार्बन उत्सर्जक विकसित देशले प्रतिवद्धता गर्नुपर्ने जलवायु वित्तको रकममा वृद्धि गर्न अन्तर्राष्ट्रिय स्तरमा प्रयास गर्ने।

३.५.२ राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने।

३.५.३ जलवायु परिवर्तनबाट अत्याधिक प्रभावित क्षेत्र(Sector) तथा भुगोल (Geography) लाई जलवायु वित्त परिचालनमा प्राथमिकता दिने।

३.५.४ जलवायु वित्त परिचालनमा ऋणलाई भन्दा अनुदानलाई र जलवायु अनुकुलनको क्षेत्रलाई प्राथमिकता दिने।

३.५.५ जलवायु वित्त राष्ट्रिय प्रणालीबाट परिचालन गर्न प्राथमिकता दिने।

३.५.६ जलवायु कोषहरुमा पहुँच बढाउन कोषहरुको प्रक्रिया सरलीकरणमा जोड दिने।

३.५.७ जलवायु सम्बन्धी आयोजना तयार गर्न, जलवायु कोषमा पहुँच अभिवृद्धि गर्न तथा कोषबाट प्राप्त रकमको प्रभावकारी उपयोगको लागि जलवायु वित्तको परिचालन गर्ने निकायहरुको क्षमता अभिवृद्धि गर्ने।

३.५.८ जलवायु वित्त परिचालनको लागि नेपाल सरकारले गर्नुपर्ने सह-वित्तियकरण जस्ता शर्तहरु कम गर्ने।

३.५.९ क्षतिपूर्ति कोषको प्रभावकारी कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्ने।

३.५.१० कार्बन व्यापारमा नेपाललाई अधिकतम लाभ हुने गरी अन्तर्राष्ट्रियरुपमा प्रचलित नवीनतम पद्धतिहरुको अवलम्बन गर्ने।

३.५.११ जलवायु वित्त परिचालनका नवीनतम उपकरणको उपयोग गर्ने।

३.५.१२ जलवायु वित्त परिचालनका लागि आयोजना बैंक तयार गरी प्राथमिकताको आधारमा उपलब्ध स्रोतको परिचालन गर्ने।

३.५.१३ जलवायु परिवर्तन अनुकुलनका आयोजना विकास गर्दा कृषि, खानेपानी, सिंचाई, वन लगायतका एकीकृत र कार्यक्रमगत विधिबाट विकास गर्न जोड दिने ।

३.५.१४ जलवायु वित्तको परिचालनको जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धिको लागि अन्तर्राष्ट्रिय मंचहरुमा बहस पैरवी गर्ने।

३.५.१५ गैरसरकारी क्षेत्र तथा निजी क्षेत्रबाट गरिने जलवायु वित्त परिचालनलाई नियमित तथा व्यवस्थित गर्ने।

३.५.१६ जलवायु वित्त परिचालनको समन्वय मन्त्रालय मार्फत गर्ने।

३.५.१७ जलवायु वित्त परिचालनलाई थप व्यवस्थित गर्न कार्यविधि बनाइ कार्यान्वयन गर्ने।

**३.६ रणनीति २.५.६ सँग सम्बन्धित** (राष्ट्रिय क्षमता तथा विशेज्ञताको कमी पूरा गर्न छनौटपूर्व प्राविधिक सहायता उपयोग गर्ने)

**३.६.१ प्राविधिक सहायता देहाय अनुसार परिचालन गर्ने**

३.६.१.१ नेपाल सरकारले शर्तरहित प्राविधिक सहायतालाई प्राथमिकता दिने। सामान्यतया देशभित्र जनशक्ति उपलब्ध हुन नसकेको अवस्थामा मात्रै अन्तर्राष्ट्रिय परामर्श सेवा लिने।

३.६.१.२ प्राविधिक सहायता ऋणको रुपमा उपयोग नगर्ने।

३.६.१.३ प्राविधिक सहायता स्वीकार गर्नुपूर्व मन्त्रालयको सहमति लिनुपर्ने।

DRAFT

३.६.१.४ प्राविधिक सहायताबाट सवारी साधन, यन्त्र उपकरण खरिद गर्न वा वैदेशिक अध्ययन भ्रमण वा तालिममा भाग लिन मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने।

३.६.१.५ राष्ट्रिय आवश्यकता र लाभका आधारमा अन्तर्राष्ट्रिय र क्षेत्रीय स्वरुपका प्राविधिक सहायता स्वीकार गर्न सक्ने।

३.६.१.६ क्षेत्रीय प्राविधिक सहायता स्वीकार गर्दा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विकासका मुद्दा एवं चासोका पक्षसँग सम्बन्धित विषयमा नेपालको संलग्नता तथा लाभ सुनिश्चित गर्ने।

३.६.१.७ विकास साझेदारहरूले सबै प्राविधिक सहायताको विवरण सहायता सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने।

**३.६.२ आयोजना तयारी सहायता देहाय अनुसार परिचालन गर्ने**

३.६.२.१ आयोजना तयारीको लागि सामान्यतयाः अनुदान सहायतामा जोड दिने।

३.६.२.२ उच्च प्रतिफलयुक्त एवं आय आर्जन हुने आयोजनाको हकमा प्राविधिक जटिलता तथा स्रोतको उपलब्धताको आधारमा सहुलियतपूर्ण ऋण परिचालन गर्नसक्ने ।

३.६.२.३ उपरोक्तानुसार परिचालन भएको ऋण सहायताको रकम आयोजना लागतमा समावेश गर्ने ।

**३.६.३ आयोजनागत प्राविधिक सहायता देहाय अनुसार परिचालन गर्ने**

३.६.३.१ राष्ट्रिय प्राथमिकताका आयोजना कार्यान्वयन चरणमा आवश्यक विशेषज्ञताको कमी पूरा गर्न आयोजनागत प्राविधिक सहायता स्वीकार गर्नसक्ने।

३.६.३.२ आयोजनामा प्राविधिक सहायता परिचालन गर्दा कार्यान्वयन निकायको संस्थागत क्षमता विकास गर्ने तथा सिकाइ एवं प्रविधि हस्तान्तरण गर्ने गरी बहिर्गमन र दिगोपना सुनिश्चित गर्ने ।

३.६.३.३ प्राविधिक सहायताको आवधिक समीक्षा गर्ने।

**३.६.४ परामर्शदाता परिचालन**

३.६.४.१ परामर्शदाता परिचालन गर्दा उपलब्ध र सम्भव भएसम्म नेपाली नागरिक वा संस्थालाई प्राथमिकता दिने।

३.६.४.२ प्रविधि तथा ज्ञानको हस्तान्तरण गर्ने र राष्ट्रिय स्तरमा उपलब्ध नभएको विज्ञताका लागि मात्र अन्तर्राष्ट्रिय परामर्शदाता परिचालन गर्ने

३.६.४.३ परामर्श सेवाको लागि आयोजना दस्तावेजमा स्पष्ट सीमा, सर्त र कार्यविवरण संलग्न हुनुपर्ने।

३.६.४.४ नेपाल सरकारको पूर्वस्वीकृति बिना पूर्वाधार आयोजनाको कूल लागतको ५ प्रतिशतभन्दा बढी रकम परामर्श सेवामा खर्च नगर्ने।

DRAFT

३.६.४.५ प्रदेश र स्थानीय तहले विदेशी परार्शदाता परिचालन गर्न सम्बन्धित विषयगत मन्त्रालयमार्फत अनुरोध गरेमा आवश्यकता र औचित्यको आधारमा मन्त्रालयले सहमति दिनसक्ने।

**३.६.५ स्वयंसेवक परिचालन**

३.६.५.१ द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूबाट प्राविधिक सहायताको रुपमा स्वयंसेवक परिचालन गर्नसक्ने।

३.६.५.२ स्वयंसेवकहरूलाई प्राविधिक विशेषज्ञता र विकास आयोजना वा कार्यक्रमको आवश्यकताअनुसार संघ, प्रदेश र स्थानीय तहमा परिचालन गर्नसक्ने।

३.६.५.३ प्राथमिकताका क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रमा स्वयंसेवक पठाउन द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूलाई अनुरोध गर्नसक्ने।

३.६.५.४ विषयगत मन्त्रालय र विकास साझेदारले खाका सम्झौताबमोजिम स्वयंसेवक परिचालन गर्दा मन्त्रालयको स्वीकृति लिनुपर्ने।

३.६.५.५ स्वयंसेवक उपलब्ध गराउने विकास साझेदारले कार्य सहमतिको लागि अनुरोध गर्नुपूर्व मन्त्रालयमा रहेको सूचना प्रणालीमा विवरण प्रविष्ट गर्नुपर्ने।

३.६.५.६ दिगो रूपमा उपयोग हुने गरी प्रविधि, ज्ञान र सीप हस्तान्तरणको निम्ति स्वयंसेवकहरूलाई स्थानीय संस्था, निकाय वा समुदायसँग आबद्ध गराइने।

३.६.५.७ स्वयंसेवक सेवाको अनुगमन परिचालन गर्ने निकायले गर्ने।

३.६.५.८ स्वयंसेवक प्रदायक संस्थाले स्वयंसेवक परिचालन सम्वन्धी प्रतिवेदन वार्षिक रुपमा सम्बन्धित मन्त्रालय र मन्त्रालयमा पठाउने।

३.६.५.९ स्वयंसेवकहरूले नेपालको सभ्यता, संस्कृति, र सामाजिक सद्भाव अनुकूल हुने गरी नेपाली नागरिकको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नुपर्ने।

**३.७ रणनीति २.५.७ सँग सम्बन्धित** (राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वस्तुगत सहायता उपयोग गर्ने)

३.७.१ वस्तुगत सहायता लिनुपर्ने औचित्य सहित मन्त्रालयले सहमति माग गरेमा विकास साझेदारबाट अनुदानमा वस्तुगत सहायता स्वीकार गर्न सहमति दिन सक्ने ।

३.७.२ नेपाल सरकारको पूर्व स्वीकृति विना ऋणमा वस्तुगत सहायता नलिने।

३.७.३ वस्तुगत सहायता प्रदान गर्दा विकास साझेदारले मन्त्रालयसँग समन्वय गर्ने।

३.७.४ विकास साझेदारबाट प्रदेश र स्थानीय तहमा परिचालन हुने वस्तुगत सहायताको हकमा सम्बन्धित तहको अनुरोध र संघीय विषयगत मन्त्रालयको सिफारिशमा उपयोग गर्नसक्ने ।

३.७.५ प्रचलित कानूनले पैठारी गर्न रोक लगाएका वस्तु सहायताका रुपमा स्वीकार नगर्ने ।

३.७.६ विकास साझेदारबाट वस्तुगत सहायताका रुपमा विद्युतीय सफ्टवेयर स्वीकार गर्दा सो को सोर्स कोड, वार्षिक नवीकरण तथा मर्मत शुल्क लगायतका नेपाल सरकारलाई दायित्व सृजना हुने विषयमा सम्बन्धित विषयगत मन्त्रालयको विश्लेषण र विकल्प समेत प्राप्तगर्ने ।

३.७.७ विपद्, स्वास्थ्य महामारी र औषधि उपकरण र सुरक्षा निकायले प्राप्त गर्ने सामरिक महत्वका हातहतियार तथा बन्दोबस्ती सम्बन्धी अनुदानगत हुने वस्तुगत सहायता मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले स्वीकार गर्ने प्रक्रिया अघि बढाउन सक्ने ।

**३.८ रणनीति २.५.८ सँग सम्बन्धित** (विकास सहायता परिचालनमा संघ, प्रदेश र स्थानीय तहको स्वामित्व र समन्वय सुदृढ गर्ने)।

३.८.१ अनुदान सहायता, संघीय सरकारको दायित्व अन्तर्गतको ऋण सहायता र प्राविधिक सहायताका हकमा मन्त्रालयले वित्तीय सम्झौता गरी कार्यान्वयनका लागि प्रदेशमा पठाउने ।

३.८.२ प्रदेश र स्थानीय तहको अनुरोधमा परिचालन हुने ऋण सहायताको सम्झौता गर्दा नेपाल सरकारले सम्बन्धित तहसँग सहायक ऋण सम्झौता गरी बजेट मार्फत कार्यान्वयनका लागि पठाउने । आवश्यकतानुसार एस्क्रो एकाउन्ट मार्फत ऋणको साँवा व्याज फिर्ता तिर्ने व्यवस्था गर्नसक्ने ।

३.८.३ शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक, क्षेत्रमा परिचालन गरिने ऋण सहायता बाहेक अन्य आयोजना/कार्यक्रममा ऋण सहायता प्रदेश र स्थानीय तह मार्फत परिचालन गर्दा सम्बन्धित तहसँग सहायक ऋण सम्झौता मार्फत परिचालन गर्ने।

३.८.४ बजेट प्रणालीमार्फत परिचालन हुने अनुदान सहायताको रकम सशर्त अनुदानको रुपमा प्रदेश तथा स्थानीय तहमा पठाउने ।

३.८.५ संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने विकास आयोजना/कार्यक्रमको लागि सहलगानी बापत आवश्यक पर्ने रकम सम्बन्धित तहले ब्यहोर्ने।

३.८.६ प्रदेश र स्थानीय तह मार्फत परिचालन हुने विकास सहायता परिचालनको लागि आयोजना कार्यक्रम विकास गर्दा र वार्ता / सम्झौता गर्दा सम्बन्धित तहको प्रतिनिधित्व गराईने ।

३.८.७ विकास सहायता संलग्न कार्यक्रम सञ्चालन गर्ने प्रदेश तथा स्थानीय तहले सम्बन्धित आयोजना सम्झौतामा उल्लेख भएका शर्तहरूका अधिनमा रही खर्च तथा लेखाङ्कन गर्ने र खर्चको वित्तीय तथा भौतिक प्रगतिका विवरणहरू, शोधभर्नाका लागि आवश्यक पर्ने विवरणहरू, आर्थिक

DRAFT

विवरणहरू र अन्य विवरणहरू निर्धारित समयभित्रै नियमित रुपमा सम्वन्धित आयोजना व्यवस्थापन कार्यालय र इकाइलाई उपलब्ध गराउनु पर्ने ।

**३.९ रणनीति २.५.९ सँग सम्बन्धित** (अन्तरनिकाय समन्वय सुदृढ गर्दै विकास सहायताको दक्षतापूर्ण उपयोग गर्ने)

३.९.१ विकास सहायताका जुनसुकै विधि उपयोग गर्दा सम्बन्धित मन्त्रालय / निकायको सक्रिय सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने ।

३.९.२ विकास सहायता परिचालनमा कुनै समस्या देखा परेमा मन्त्रालयको नेतृत्वमा सम्बन्धित निकाय र विकास साझेदारको त्रिपक्षीय बैठक बसी तत्काल समाधान गर्न जोड दिने ।

३.९.३ विकास साझेदारबाट संचालित आयोजना / कार्यक्रममा साझेदारको तर्फबाट कुनै सहजीकरणको सहमति आवश्यक परेमा पठाउन सक्ने ।

३.९.४ विकास साझेदारले आयोजना / कार्यक्रममा कार्यान्वयनमा हुने निकायसंग प्रत्यक्ष समन्वय र सहजीकरण गर्ने

३.९.५ आयोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न नहुने निकायको समन्वय आवश्यक भएमा मन्त्रालयमा लेखी पठाउने ।

३.९.६ विकास सहायताको कार्यान्वयन प्रगति सम्बन्धित विकास साझेदारसंगको समन्वयमा आवधिक रुपमा समीक्षा गर्ने ।

**३.१० रणनीति २.५.१० सँग सम्बन्धित** (विपद् तथा मानवीय सहायतालाई लक्षित क्षेत्रमा शीघ्र परिचालन गर्ने)

३.१०.१ विपद् व्यवस्थापन र सो प्रयोजनका लागि मानवीय सहायता वा राहत तथा उद्धार, खाद्यान्न, औषधिजन्य लगायतका सामाग्रीहरू स्वीकार गर्न वा त्यस प्रकारका सहायता उपलब्ध गराउन विकास साझेदारहरूलाई अनुरोध गर्न सक्ने ।

३.१०.२ उपरोक्तानुसार प्राप्त हुने सहायता तात्कालिक आवश्यकता र क्षमता हेरी संघ, प्रदेश र स्थानीय तहमा रहने संयन्त्र मार्फत वितरण गर्ने व्यवस्था मिलाउने ।

३.१०.३ विपदका समयमा मानवीय सहायता परिचालन गर्दा अन्तर्राष्ट्रिय असल अभ्यासहरूप्रति प्रतिबद्ध रहने।

३.१०.४ विपद तथा मानवीय सहायता गर्ने विकास साझेदारहरूले राष्ट्रिय क्षमता अभिवृद्धि हुने गरी सङ्कटको रोकथाम, न्यूनीकरण र सम्बोधन गर्नका लागि तयारी, सम्बोधन, राहत, पुनर्निर्माण र पुनर्स्थापना जस्ता चरणहरूमा सरकारसँग समन्वय गर्नुपर्ने।

३.१०.५ विपद मानवीय सहायता वितरण गर्दा मानवीय संवेदनाको आधारमा नेपालको सभ्यता, संस्कृति, सामाजिक सद्भाव, व्यक्तिको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नुपर्ने।

**३.११ रणनीति २.५.११ सँग सम्बन्धित** (अन्तर्राष्ट्रिय स्तरमा स्थापना भएका कोषको पहुँचमा बृद्धि गरी विकास सहायता परिचालन गर्ने)

३.११.१ शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन जस्ता क्षेत्रहरूमा अन्तर्राष्ट्रिय स्तरमा स्थापना गरिएका कोषहरूबाट सहुलियतपूर्ण विकास सहायता परिचालनमा जोड दिने ।

३.११.२ अन्तर्राष्ट्रिय कोषबाट प्रतिस्पर्धा गरी विकास सहायता परिचालन गर्दा त्यस्ता कोषको सबै राष्ट्रलाई लागु हुने प्रावधान अन्तर्गत रही राष्ट्रिय प्राथमिकताका आधारमा परिचालन गर्ने।

३.११.३ अन्तर्राष्ट्रिय स्तरमा स्थापना भएका कोषबाट नेपाललाई उपलब्ध हुने सहायता लिन मन्त्रालयको पूर्व सहमती लिनु पर्ने । त्यस्तो सहमती विषयगत मन्त्रालयको सिफारिसमा प्रदान गर्ने ।

३.११.४ अन्तर्राष्ट्रिय कोषमा परियोजना प्रस्ताव गर्दा मुलुकलाई छुट्टइएको रकमको सीमा भित्र नपरेको र सरकारको दायित्व सिर्जना नहुने यकिन गरेको ।

३.११.५ त्यस्तो कोषमा पहुँच प्राप्त गर्ने गैरसरकारी संस्थाले मन्त्रालय र सम्बन्धित मन्त्रालयको समन्वयमा आयोजना दस्तावेज तयार गर्ने ।

३.११.६ त्यस्तो कोषबाट प्राप्त सहायता परिचालन गर्न मन्त्रालयले सहायता परिचालन सम्बन्धी मापद्ण्ड र प्रकृयाको आधारमा स्वीकृति दिने ।

३.११.७ यस्तो कोषमा पहुँच प्राप्त गरी परिचालन गर्ने रकमको सम्बन्धमा समाज कल्याण परिषदमा अलग सम्झौता गर्न नपर्ने । त्यस्तो आयोजनाको अनुगमन तथा मूल्यांकन नेपाल सरकारबाट स्वीकृत वित्तीय सम्झौतामा उल्लेख भए बमोजिम हुने ।

**३.१२ रणनीति २.५.१२ सँग सम्बन्धित** (अन्तर्राष्ट्रिय स्तरमा स्थापित कोषको पहुँचमा वृद्धि गरी विकास सहायता परिचालन गर्ने)

३.१२.१ विकास सहायता परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी गर्ने मञ्चमा मुलुकको हित प्रवर्द्धन र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार हुने गरी सक्रिय सहभागी हुने ।

३.१२.२ राष्ट्रिय स्वार्थ मिल्ने अन्य मुलुकहरुसँग विकास सहायताका लागि साझेदारी गर्ने। यसरी गरिने साझेदारी पारदर्शी हुनुपर्ने र पारस्परिक तथा तुलनात्मक लाभको आधारमा तय गरिने।

३.१२.३ विदेशी लगानी, प्रविधि हस्तान्तरण, व्यापार प्रवर्द्धन लगायतका क्षेत्रमा अन्तर्राष्ट्रिय साझेदारी गर्न सकिने ।

३.१२.४ उपयुक्तता र अनुभवका आधारमा दक्षिण-दक्षिण तथा उत्तर-दक्षिण-दक्षिण ( त्रिभुजीय) सहयोगको अवधारणा अनुरुपको सहयोग आदान प्रदान गर्न सकिने।

३.१२.५ दक्षिण क्षेत्रका सहायता प्राप्त गर्ने दुई वा सो भन्दा बढी राष्ट्रहरु बीचको आपसी सहयोग तथा उत्तर क्षेत्रका परम्परागत दातृराष्ट्र एवम संस्थाहरु समेतको समन्वयात्मक तथा वित्तीय संलग्नतामा सहयोग आदान प्रदान गर्न सक्ने।

३.१२.६ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन र बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास ( विमस्टेक) जस्ता क्षेत्रीय संयन्त्रसँगको सहयोग अभिवृद्धि गर्न र अन्तर सरकारी संयुक्त आर्थिक आयोग मार्फत सहायता परिचालन गर्न सकिने।

**३.१३ रणनीति २.५.१३ सँग सम्बन्धित** (अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत परिचालन हुने सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा जवाफदेहीपूर्ण तथा पारदर्शी रुपमा उपयोग गर्ने) ।

३.१३.१ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत विकास सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा गर्ने।

३.१३.२ विकास साझेदारले नेपाल सरकारका लागि उपलब्ध गराउने भनी छुट्याईएको सहायता रकम बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा अन्तर्राष्ट्रिय स्तरमा सहायता रकम संकलन गरी आयोजना प्रस्ताव गर्दा समाजकल्याण परिषदमार्फत गर्नुपर्ने ।

३.१३.३ नेपाल सरकार र विकास साझेदारबीच भएको वित्तीय सम्झौतामा आयोजना कार्यान्वयन साझेदारको रुपमा कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्था रहने प्रावधान भएमा उक्त सम्झौता अनुसार आयोजना कार्यान्वयनको लागि समाजकल्याण परिषदमा थप सम्झौता गर्न नपर्ने र त्यस्तो आयोजनाको अनुगमन तथा मूल्यांकन वित्तीय सम्झौतामा उल्लेख भए बमोजिम हुने । विकास साझेदारले यस्ता कार्यान्वयन साझेदार छनौट गरेको १५ दिनभित्र सोको विवरण मन्त्रालय र सम्बन्धित परियोजना कार्यान्वयन गर्ने मन्त्रालय र समाज कल्याण परिषद्लाई उपलव्ध गराउने ।

DRAFT

३.१३.४ विकास साझेदारले नेपाली सरकारी संयन्त्र बाहेक कार्यान्वयन साझेदारको रुपमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था छनौट गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने ।

३.१३.५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा नेपाल स्थित विकास साझेदार बाहेक अन्तर्राष्ट्रिय स्तरमा सहायता रकम संकलन गरी आयोजना प्रस्ताव गर्दा समाजकल्याण परिषदमार्फत परिचालन गर्नुपर्ने । आयोजनाको प्रस्ताव गर्दा आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको पूर्व सहमती अनिवार्य पेश गर्नुपर्ने । यस्तो सहायताको विवरण मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्ने ।

३.१३.६ अन्तराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय गैर सरकारी संस्थासँग कार्यान्वयन संझौता गरेमा सो को विवरण समाज कल्याण परिषदमा पेश गर्ने । प्राप्त विवरणको आधारमा समाज कल्याण परिषदले कार्यान्वयन प्रकृयामा सहजीकरण गर्ने ।

३.१३.७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना छनौट गर्दा सम्बन्धित संघ, प्रदेश तथा स्थानीय तहको नेतृत्वमा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नुपर्ने ।

३.१३.८ राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा अन्तर्राष्ट्रिय स्तरमा सहायता रकम संकलन गरी आयोजना कार्यान्वयन गर्दा जुन स्थानीय तहमा आयोजना कार्यान्वयनको लागि पूर्व सहमती लिएको हो सोही स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गरी सोही स्थानीय तहको समन्वयमा आयोजना कार्यान्वयन गर्ने ।

३.१३.९ धार्मिक एवम् राजनीतिक संस्था तथा राष्ट्रिय संवेदनशीलताका क्षेत्रहरूमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा राष्ट्रिय गैरसरकारी संस्थामार्फत सहायता परिचालन गर्न नपाईने ।

३.१३.१० भौगोलिक र कार्यक्षेत्रगत दोहोरोपना हटाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गर्ने आयोजनाको निश्चित बिषयगत क्षेत्र र आयोजना संचालन हुने भौगोलिक क्षेत्र तोक्न सकिने । नियामक निकायले यस्ता संस्थाहरूले संचालन गरेको आयोजनाहरूको विद्युतीय नक्सांकन गर्न सक्ने।

३.१३.११ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गरेका आयोजनामा प्रशासनिक खर्च कुल लागतको बढीमा २० प्रतिशतसम्म हुने।

३.१३.१२ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा परिचालन गरेको विकास सहायताको आयव्यय तथा क्रियाकलापको विवरण वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने।

३.१३.१३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गरेको स्थानीय तहमा वर्षको एक पटक तेस्रो पक्षद्वारा त्यस्ता कार्यक्रमहरूको परीक्षणका साथै सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखापरीक्षण समेत गराउनु पर्ने ।

३.१३.१४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले विकास सहायता परिचालनको आयोजनागत विवरण अर्थ मन्त्रालयमा रहेको सहायता सूचना व्यवस्थापन प्रणालीमा दोहोरो नपर्ने गरी प्रविष्ट गर्नुपर्ने । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था मार्फत कार्यान्वयन गरेको अनुदान सहायताको विवरण सूचना प्रणालीमा प्रविष्ट गर्ने जिम्मेवारी सम्बन्धित दातृ पक्षको हुने ।

DRAFT

## भाग — चार
## विकास सहायता परिचालन विधि

### ४.१ आयोजना प्रस्ताव गर्ने तथा सहायता स्वीकार गर्ने सम्बन्धी व्यवस्था

४.१.१ विषयगत मन्त्रालय / निकायले देहायका आधारमा आयोजनाहरूको बहुवर्षीय प्राथमिकता क्रमको सूची तयार गरी आयोजनाको संक्षिप्त अवधारणा सहित विकास सहायता परिचालन गर्न मन्त्रालयमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने ।

(क) आवधिक योजना तथा नेपाल सरकारको नीति तथा कार्यक्रममा प्राथमिकता निर्धारण गरिएका,

(ख) पूर्व संभाव्यता अध्ययन सम्पन्न भएका,

(ग) आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त,

(घ) उत्पादन रोजगारी तथा आर्थिक वृद्धिमा योगदान गर्ने अन्य क्षेत्रको विकासमा समेत सहयोगी हुने,

(ङ) निजी क्षेत्रको लगानी समेत आकर्षित हुनसक्ने,

(च) योजना बैकमा समावेश भएका,

(छ) प्रोजेक्ट रेडिनेस फिल्टर बमोजिमको प्रक्रिया पुरा भएको।

४.१.२ प्रस्ताव प्राप्त भएपछि मन्त्रालयले राष्ट्रिय प्राथमिकता र वित्तीय स्रोतको उपलब्धताको आधारमा विकास सहायताबाट कार्यान्वयन गर्न उपयुक्त देखिएका आयोजनाहरू संभाव्य विकास साझेदारसँग प्रारम्भिक छलफल तथा परामर्श गरी सहायताका लागि प्रस्ताव गर्ने ।

४.१.३ विकास साझेदारले मन्त्रालयको प्रस्तावको आधारमा सम्बन्धित विषयगत मन्त्रालयसंगको समन्वयमा प्रस्तावित आयोजनाको विकासको प्रक्रिया प्रारम्भ गर्ने।

४.१.४ उपरोक्त प्रकृया पुरा भै आर्थिक सामाजिक तथा वातावरणीय दृष्टिकोणले संभाव्य आयोजना तयारी फिल्टर अनुरुप कार्यान्वयन तयारी पुरा भएका आयोजनाहरू नेपाल सरकारको निर्णय अनुसार वार्ता तथा सम्झौता गरी सहायता स्वीकार तथा आयोजना कार्यान्वयन गर्ने ।

# भाग — पाँच

# नीति कार्यान्वयन गर्ने जिम्मेवार निकायको भूमिका

## ५.१ सहायता परिचालनमा अर्थ मन्त्रालयको भूमिका

५.१.१ अर्थ मन्त्रालयले विकास सहायता परिचालन सम्बन्धमा सबै सरोकारवालाहरू बीच एकरुपता कायम गर्न र राष्ट्रिय प्राथमिकताका आधारमा सहायता परिचालन गर्ने प्रयोजनका लागि कार्यसञ्चालन निर्देशिका बनाई लागू गर्ने।

५.१.२ विकास साझेदारहरूसँग सहायताको लागि पत्राचार गर्ने, अनुरोध पठाउने, वार्ता गर्ने र सम्झौता गर्ने कार्य गर्ने ।

५.१.३ विकास सहायता परिचालनका लागि विकास साझेदार र सम्बन्धित मन्त्रालय / निकायसंग समन्वय र सहजीकरण गर्ने ।

५.१.४ विकास सहायता परिचालनको आवधिक प्रगति समीक्षा गर्ने ।

५.१.५ विकास सहायता परिचालनसंग सम्बन्धित विषयमा हुने अन्तर्राष्ट्रिय बैठक, गोष्ठि, सम्मलेनको नेतृत्व गर्ने ।

५.१.६ प्रदेश सरकार र विकास साझेदार तथा स्थानीय सरकार र विकास साझेदारबीच हुने आयोजना कार्यान्वयन सम्बन्धी सम्झौता गर्न र आयोजना कार्यान्वयनसँग सम्बन्धित दस्तावेज तयारीका लागि सहजीकरण गर्ने ।

५.१.७ प्रदेश, स्थानीय तह तथा सार्वजनिक संस्थानलाई आयोजनामा आधारित ऋणको रुपमा विकास सहायता उपलब्ध गराउने र यसका लागि आवश्यक प्राविधिक सहायताको व्यवस्थापन गर्ने कार्य गर्ने ।

५.१.८ प्रदेश, स्थानीय तह तथा सार्वजनिक संस्थानको मागको आधारमा विकास साझेदारसंग नेपाल सरकारले वित्तीय सम्झौता गरी प्राप्त गरेको ऋण सहायताको हकमा सहायक ऋण सम्झौता गरी तत् तत् प्रदेश, स्थानीय तह तथा सार्वजनिक संस्थानमा परिचालन गर्नसक्ने । यसरी सहायक ऋण सम्झौता गर्दा एस्क्रो एकाउन्टको माध्यमबाट ऋणको साँवा व्याज भुक्तानी गर्नेगरी आवश्यक प्रबन्ध गर्नसक्ने ।

५.१.९ राष्ट्रिय स्तरका आयोजनाहरूका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्रोतको व्यवस्थापन गर्ने ।

५.१.१० विकास सहायता आवश्यक पर्ने सम्भावित आयोजना बैंक र यसका लागि आयोजना छनौट पूर्वका तयारीको कार्य गर्न सहयोग गर्ने ।

DRAFT

५.१.११ जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय कोषबाट सहायता परिचालन गर्दा सम्पर्क निकाय (फोकल एजेन्सी) को रुपमा कार्य गर्ने ।

## ५.२ सहायता परिचालनमा विषयगत मन्त्रालयको भूमिका

५.२.१ आफ्नो मन्त्रालय अन्तर्गत विकास सहायता आवश्यक पर्ने सम्भावित आयोजनाहरू पहिचान गरी एकीकृत आयोजना बैङ्क तयार गर्ने ।

५.२.२ आफ्नो मन्त्रालय अन्तर्गत विकास सहायताको संभाव्य आयोजना अघि बढाउन मन्त्रालयमा प्रस्ताव पठाउने ।

५.२.३ विषयगत मन्त्रालयले प्रस्ताव गरेको आयोजना कार्यान्वयनका लागि विकास साझेदारसंग हुने वार्तामा विषयगत मन्त्रालयको तर्फबाट प्रतिनिधि मनोनयन गरी वार्ताका लागि अख्तियारी दिने । आयोजनाको प्राविधिक विषयमा राय सुझाव दिने तथा आयोजना दस्तावेजलाई अन्तिम रुप दिने ।

५.२.४ विषयगत मन्त्रालयले प्रस्ताव गरेको आयोजना कार्यान्वयनका लागि विकास साझेदारसंग हुने सम्झौतामा हस्ताक्षर सम्बन्धी कार्यक्रममा विषयगत मन्त्रालयको तर्फबाट प्रतिनिधि मनोनयन गरी मन्त्रालयमा पठाउने ।

५.२.५ विषयगत मन्त्रालयसंग सम्बन्धित प्रदेश, स्थानीय तह तथा सार्वजनिक संस्थाले वैदेशिक सहायताको लागि प्रस्ताव गरेमा सो को जाँचबुझ गरी प्रकृया अगाडि बढाउन उपयुक्त भएमा मन्त्रालयमा सिफारिश गर्ने ।सम्झौता अनुरुपका काम भए नभएको तथा सर्त परिपालना भए नभएको अनुमगन गर्ने ।

५.२.६ विकास सहायताका कार्यक्रम / आयोजना कार्यान्वयन गर्ने गराउने तथा सहजीकरण गर्ने ।

५.२.७ विषयगत मन्त्रालयले आफ्नो मन्त्रालय अन्तर्गत परिचालन भएको प्राविधिक सहयोग र स्वयंसेवक परिचालनको एकीकृत वार्षिक विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र अर्थ मन्त्रालयमा पेश गर्ने ।

५.२.८ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन गर्ने ।

## ५.३ सहायता परिचालनमा प्रदेश सरकारको भूमिका

५.३.१ आफ्नो प्रदेश अन्तर्गत विकास सहायता आवश्यक पर्ने सम्भावित आयोजनाहरू पहिचान गरी एकीकृत आयोजना बैङ्क तयार गर्ने ।

DRAFT

५.३.२ प्रदेश अन्तर्गत परिचालन हुनसक्ने विकास सहायताको संभाव्य आयोजना अघि बढाउन नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय मार्फत संघीय मन्त्रालयमा प्रस्ताव पठाउने ।

५.३.३ प्रदेश सरकारले प्रस्ताव गरेको आयोजना कार्यान्वयनका लागि विकास साझेदारसंग हुने वार्तामा प्रदेश सरकारको तर्फबाट प्रतिनिधि मनोनयन गरी वार्ताका लागि अख्तियारी दिने ।

५.३.४ प्रदेश सरकारले प्रस्ताव गरेको आयोजना कार्यान्वयनका लागि विकास साझेदारसंग हुने सम्झौतामा हस्ताक्षर सम्बन्धी कार्यक्रममा प्रदेश सरकारको तर्फबाट प्रतिनिधि मनोनयन गरी मन्त्रालयमा पठाउने ।

५.३.५ प्रदेशको माग बमोजिम वैदेशिक ऋण मार्फत परिचालन भएको सहायताको हकमा सहायक सम्झौता अनुरुप ऋणको साँवा व्याज भुक्तानी गर्ने ।

५.३.६ विकास सहायताका कार्यक्रम / आयोजना कार्यान्वयन गर्ने गराउने तथा सहजीकरण गर्ने ।

५.३.७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्रदेश अन्तर्गतका एकभन्दा बढी स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन गर्ने ।

## ५.४ सहायता परिचालनमा स्थानीय तहको भूमिका

५.४.१ आफ्नो स्थानीय तह अन्तर्गत विकास सहायता आवश्यक पर्ने सम्भावित आयोजनाहरू पहिचान गरी एकीकृत आयोजना बैङ्क तयार गर्ने ।

५.४.२ स्थानीय तहमा परिचालन हुनसक्ने विकास सहायताको संभाव्य आयोजना अघि बढाउन नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय मार्फत संघीय मन्त्रालयमा प्रस्ताव गर्नसक्ने ।

५.४.३ स्थानीय तहले प्रस्ताव गरेको आयोजना कार्यान्वयनका लागि विकास साझेदारसंग हुने वार्तामा स्थानीय तहको तर्फबाट प्रतिनिधि मनोनयन गरी वार्ताका लागि अख्तियारी दिने ।

५.४.४ स्थानीय तहले प्रस्ताव गरेको आयोजना कार्यान्वयनका लागि विकास साझेदारसंग हुने सम्झौतामा हस्ताक्षर सम्बन्धी कार्यक्रममा स्थानीय तहको तर्फबाट प्रतिनिधि मनोनयन गरी मन्त्रालयमा पठाउने ।

५.४.५ स्थानीय तहको माग बमोजिम वैदेशिक ऋण मार्फत परिचालन भएको सहायताको हकमा सहायक सम्झौता अनुरुप ऋणको साँवा व्याज भुक्तानी गर्ने ।

५.४.६ विकास सहायताका कार्यक्रम / आयोजना कार्यान्वयनमा गर्ने गराउने तथा सहजीकरण गर्ने ।

५.४.७ अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूबाट स्थानीय तहमा सञ्चालित कार्यक्रमहरू आफ्नो वार्षिक कार्यक्रममा राख्ने र सो को समन्वय र अनुगमन सम्बन्धित जिल्ला समन्वय समितिले गर्ने ।

## ५.५ सहायता परिचालनमा विकास साझेदारहरूको भूमिका

५.५.१ सहायता परिचालनसम्बन्धी सम्पूर्ण विषयमा अर्थ मन्त्रालयको स्वीकृति लिई आवश्यक समन्वय र सहकार्य गर्नु पर्ने। विकास साझेदारहरूले सबै प्रकारको विकास सहायता प्रवाह गर्दा मन्त्रालय मार्फत गर्ने ।

५.५.२ विकास सहायतामा सञ्चालन हुने आयोजना व्यवस्थापनका सबै चरणमा मन्त्रालयसँग परामर्श गर्ने।

५.५.३ विकास साझेदारले आगामी तीन देखि पाँच वर्षसम्म नेपाल सरकारलाई प्रदान गर्ने सम्भाव्य सहायता राशी र क्षेत्रको विवरण प्रत्येक आर्थिक वर्षको अन्त्यमा उपलव्ध गराउने ।

५.५.४ विकास साझेदारले आफ्नो सहायतामा सञ्चालित आयोजनाको अनुमगन तथा मूल्यांकनको प्रतिवेदन तथा सुझाव नेपाल सरकार, मन्त्रालय र विषयगत मन्त्रालयमा उपलब्ध गराउने । मन्त्रालय र विषयगत मन्त्रालयले आयोजनाको कार्यक्षेत्र अनुसार सो प्रतिवेदन तथा सुझाव प्रदेश तथा स्थानीय तहलाई उपलव्ध गराउने ।

५.५.५ मन्त्रालयले विकास सहायता परिचालनसंग सम्बन्धित हुने बैठक छलफलमा भाग लिने र आवश्यकतानुसार विषयगत मन्त्रालयले आयोजना गर्ने।

५.५.६ विकास साझेदारहरूले सबै प्रकारका विकास सहायतालाई राष्ट्रिय र क्षेत्रगत विकास ढाँचासँग आबद्ध हुने गरी स्पष्ट नतिजा प्राप्त हुने किसिमले सम्भव भएसम्म निसर्त रुपमा परिचालन गर्न प्राथमिकता दिने ।

५.५.७ विकास साझेदारले सहायताको सञ्चालन खर्च घटाउन सहायताको खण्डीकरण रोक्ने काममा सरकारलाई उल्लेख्य सहयोग गर्ने र विगतको क्षेत्रगत सहायता अवधारणा कार्यान्वयनको अनुभवका आधारमा अन्य क्षेत्रमा पनि यसको विस्तार गर्न सघाउ पुर्‍याउने ।

५.५.८ विकास साझेदारले नेपालको राष्ट्रिय प्रणाली र संगठनात्मक संरचनासँग आबद्ध भई सरकारी संस्थाको नेतृत्वमा स्थानीय क्षमता र स्वामित्वभाव अभिवृद्धि हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

५.५.९ विकास साझेदारले यथासम्भव संयुक्त मिसन र संयुक्त विश्लेषणात्मक अध्ययनको कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाउने ।

५.५.१० विकास सहायताबाट सञ्चालित कार्यक्रम / आयोजनाको आवधिक विवरण सम्बद्ध विषयगत मन्त्रालय र प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने ।

५.५.११ विकास साझेदारले नेपाल सरकारलाई प्रदान गरेको जुनसुकै सहायता मन्त्रालयको विकास सहायता सूचना प्रणालीमा प्रतिवेदन गर्ने । टर्न कि आयोजनाको हकमा प्रत्येक आर्थिक वर्षको

खर्चको विवरण र भुक्तानी विवरण आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सूचना प्रणालीमा प्रविष्ट गर्ने ।

## ५.६ सहायता परिचालनमा समाज कल्याण परिषद्को भूमिका

५.६.१ समाज कल्याण परिषद्ले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत हुने विकास सहायता नेपालको राष्ट्रिय नीति र कानुन अनुरुप परिचालन गर्न सहजीकरण गर्ने ।

५.६.२ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत संचालन हुने कार्यक्रम जुन प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुन्छ सो प्रदेश तथा स्थानीय तहबाट सहमति तथा स्वीकृति प्राप्त नए नभएको सुनिश्चित गर्ने । कार्यक्रम अवधि वा समाप्त भएपछि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पेश गर्ने प्रतिवेदन सम्बन्धित प्रदेश तथा स्थानीय तहमा समेत उपलब्ध गराउने।

५.६.३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत हुने विकास सहायता नेपाल सरकार, अर्थ मन्त्रालयको सूचना प्रणालीमा अभिलेख भएको सुनिश्चत गर्ने ।

५.६.४ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत संचालन हुने कार्यक्रम, विकास सहायताको प्रतिबद्धता र प्राप्तिको विवरण आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र संघीय मन्त्रालयलाई उपलब्ध गराउने

५.६.५ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत संचालन हुने कार्यक्रमको समाज कल्याण परिषद्ले गरेको अनुगमनको प्रतिवेदन र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पेश गर्ने वार्षिक प्रगति तथा अनुगमन मूल्याँङ्कनको प्रतिवेदन आफ्नो वेभसाईट सार्वजनिक गर्ने ।

## ५.७ सहायता परिचालनमा गैर सरकारी संस्थाहरूको भूमिका

५.७.१ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गर्ने सहायता नेपालको राष्ट्रिय नीति र कानुन अनुरुप परिचालन गर्ने ।

५.७.२ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गर्ने सहायता राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने ।

५.७.३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहायता परिचालन गर्दा स्थानीय जनशक्ति र स्रोतसाधनको उच्चतम उपयोग गर्ने ।

५.७.४ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सहायता परिचालन गर्दा स्थानीय गैरसरकारी संस्था मार्फत प्रदेश तथा स्थानीय तहसँगको समन्वय, सहभागिता र सहकार्यमा समाजको आर्थिक तथा सामाजिक विकासमा योगदान पु-याउने ।

DRAFT

५.७.५ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहायता परिचालन गर्दा रोजगारी सृजना हुने कार्यक्रममा प्राथमिकता दिने ।

५.७.६ सहयोग रकम प्रचलित कानून बमोजिमको बैध श्रोतबाट प्राप्त भएको र मुद्रा निर्मलीकरणसम्बन्धी कानून विपरित नभएको सुनिश्चित गर्ने।

५.७.७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट हुने सहायता परिचालन पारदर्शी भै राष्ट्रिय लेखा प्रणालीमा आबद्ध हुने । सबै सहायता परिचालन मन्त्रालयको सहायता परिचालन सम्बन्धी विद्युतीय सूचना प्रणालीमा प्रविष्ट र अद्यावधिक गर्ने ।

५.७.८ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू आफ्नो सहायतामा सञ्चालित आयोजनाको वार्षिक प्रगति तथा अनुमगन तथा मूल्यांकनको प्रतिवेदन तथा सुझाव समाज कल्याण परिषदमा उपलब्ध गराउने ।

DRAFT

## भाग — छ
## जोखिम तथा जोखिम न्यूनीकरण

### ६.१ विकास सहायताका सम्भावित जोखिम

विकास सहायता परिचालन नीति कार्यान्वयमा देहाय बमोजिम जोखिम रहेका छन् ।

६.१.१ विकास साझेदार मुलुक वा संस्थाको आन्तरिक नीति र वित्तमा हुने परिवर्तन ।

६.१.२ विकास साझेदारको सहायता परिचालन रणनीतिमा हुने परिवर्तन ।

६.१.३ विकास साझेदार मुलुक र बहुपक्षीय संस्थाको सहायता दिने क्षमतामा हुने परिवर्तन ।

६.१.४ विकास सहायता परिचालन कमजोर हुँदा घट्न सक्ने सहुलियतपूर्ण सहायताको परिमाण ।

६.१.५ ऋण मार्फत विकास सहायता परिचालन गर्दा नेपाल सरकारको बढ्नसक्ने थप दायित्व ।

### ६.२ जोखिम न्यूनीकरण रणनीतिः

उपर्युक्त जोखिम न्यूनीकरणका लागि देहायका रणनीतिहरु लिईनेछ ।

६.२.१ विकास साझेदार मुलुक / संस्थाको विविधीकरण गर्ने ।

६.२.२ उपलब्ध हुनसक्ने वैकल्पिक तथा नवीन वित्तीय उपकरणको उपयोग गर्ने ।

६.२.३ विकास साझेदारको सहायता रणनीति र राष्ट्रिय आवश्यकता बीचको सामस्जस्यतामा जोड दिने ।

६.२.४ विकास सहायताका विभिन्न सर्त / स्वरुपमा पर्याप्त अध्ययन विश्लेषण गर्ने ।

६.२.५ प्रदेश, स्थानीय तह तथा सार्वजनिक संस्थानको माग बमोजिम परिचालन हुने ऋण सहायता आवश्यकतानुसार एस्क्रो एकाउन्ट मार्फत साँवा व्याज भुक्तानी गर्ने प्रबन्ध गर्ने ।

६.२.६ निजी क्षेत्रलाई सहजीकरण गरी निजी क्षेत्र मार्फत बाह्य पुँजी परिचालनमा जोड दिने ।

६.२.७ विकास सहायता परिचालनमा देखा परेका अवरोधहरु हटाउन निरन्तर समीक्षा गरी नीतिगत कार्यान्वयन क्षमतामा सुधार गर्ने ।

DRAFT

## भाग सात
## नीति संचार

७.१ यस नीति नेपाल सरकारबाट स्वीकृत भए पश्चात प्रकाशन र वितरण गर्ने तथा अर्थ मन्त्रालयको वेभसाईटमा सार्वजनिक गर्ने ।

७.२ विकास साझेदारहरु तथा अन्य सरोकारवालाको सहभागितामा गोष्ठी गरी जानकारी गराउने ।

७.३ सम्बन्धित मन्त्रालय / निकायसंग गोष्ठी अन्तर्क्रिया गरी कार्ययोजनाको कार्यान्वयन शुरु गर्ने ।

७.४ प्रादेशिक तहमा स्थानीय तहको समेत सहभागितामा गोष्ठी गर्ने ।

७.५ हरेक २ बर्षमा नीति समीक्षा गरी आवश्यक पुनरावलोकन गर्ने ।

DRAFT

## भाग आठ
## अनुगमन मूल्याङ्कन

### ८.१ अनुगमन तथा मूल्यांकन

८.१.१ नेपाल सरकारका क्षेत्रगत मन्त्रालय र विकास साझेदारबीच क्षेत्रगत योजना, नीति र कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समन्वयका लागि यस्ता संयुक्त समीक्षा वैठक बस्नेछन् । सम्बद्ध क्षेत्रगत मन्त्रालयहरूले यस्ता बैठकहरूको नेतृत्व गर्नेछन् । यस्ता बैठकमा गरिएका निर्णयको जानकारी मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ । प्राप्त निर्णयको एकीकृत अभिलेख मन्त्रालयले राख्ने ।

८.१.२ विकास सहायतासंग सम्बन्धित कार्यक्रम र आयोजनाको अनुगमन र मूल्याँकन गर्ने जिम्मेवारी सम्बन्धित विषयगत मन्त्रालयको हुनेछ । आवश्यकतानुसार मन्त्रालयले समेत सो को अनुगमन र मूल्याँकन गर्नसक्नेछ ।अनुगमन र मूल्याँकन प्रक्रियामा सम्बद्ध कार्यान्वयन निकाय र विकास साझेदारलाई पनि सहभागी गराउन सक्ने ।

८.१.३ सहायता परिचालनबाट प्राप्त नतिजाको संयुक्त समीक्षाबाट देखिएका निचोडलाई आत्मसात गरी आगामी दिनमा नयाँ सहायता परिचालन गर्दा आवश्यक सुधार गर्दै जाने।

८.१.४ प्रदेश सरकारले कार्यान्वयन गरेका विकास सहायता समावेश भएका विकास आयोजना तथा कार्यक्रमहरूको सम्बन्धमा समीक्षा गर्न प्रदेश स्तरमा सरकारी र गैरसरकारी स्तरका नेपाली प्रतिनिधि रहेको संयन्त्र निर्माण गरिने । सामान्यतयाः यस्तो समीक्षाको नेतृत्व र समन्वय प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने । यस्तो अनुगमन कार्य अर्थ मन्त्रालयवाट समेत हुनसक्ने ।

८.१.५ स्थानीय तहले कार्यान्वयन गरेका विकास सहायताका आयोजना तथा कार्यक्रमहरूको अनुगमन र समीक्षा जिल्ला समन्वय समितिले गर्ने ।

८.१.६ सहायता प्रभावकारिताका विषयमा प्रदेश र स्थानीय तहमा समाधान हुन नसकेका समस्याहरूबारे आवश्यक निर्देशनका लागि संघीय मन्त्रालयमा जानकारी गराउनु पर्नेछ। यसको लागि आवश्यक सामान्य मार्गदर्शन मन्त्रालयको विकास सहायता समन्वय महाशाखाले गर्ने ।

### ८.२ नीति कार्यान्वयन समिति

यो नीति कार्यान्वयनमा मार्गदर्शन गर्न देहाय बमोजिमको एक उच्चस्तरीय “विकास सहायता परिचालन नीति कार्यान्वयन समिति” गठन गरिने ।

| | |
|---|---|
| अर्थ मन्त्री | अध्यक्ष |
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार क्षेत्र) | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| सहसचिव, विकास सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | सदस्य सचिव |

८.२.१ नीति कार्यान्वयन समितिले सम्बद्धता, विशेषज्ञता र आवश्यकताको आधारमा नेपाल सरकारका अन्य मन्त्रालयका उच्च पदाधिकारी, कुनै निकायका प्रतिनिधि, प्रदेश सरकारको प्रतिनिधि, निजी क्षेत्र वा विशेषज्ञलाई पर्यवेक्षक वा आमन्त्रित सदस्यको रुपमा समितिका बैठकहरूमा आमन्त्रण गर्न सक्नेछ ।

८.२.२ नीति कार्यान्वयन समितिले यो नीतिको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन गर्नेछ। विकास सहायता परिचालन नीति कार्यान्वयन समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ । समितिले नीति कार्यान्वयनमा देखा पर्न सक्ने बाधा अड्काउ फुकाउने, नीति कार्यान्वयनका सिलसिलामा आइपर्न सक्ने द्विविधा हटाउने, आवश्यकता अनुसार यो नीतिको व्याख्या गर्ने लगायतका काम गर्नेछ ।

DRAFT

# भाग - नौ
# विविध

## ९.१ विकास सहायता समन्वयको सम्पर्क विन्दु

९.१.१ नेपाल सरकारलाई आवश्यक पर्ने विकास सहायता परिचालन गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको हुने । यसका लागि आर्थिक कुटनीतिको समेत प्रभावकारी उपयोग गरिने ।

९.१.२ कुनै पनि तहको सरकारी निकाय, संवैधानिक अंग, सार्वजनिक संस्थान, नेपाल सरकारको पूर्ण वा आंशिक अनुदानमा सञ्चालित संस्था, प्रतिष्ठान आदिले विकास सहायताको खोजी गर्न वा सहायताको लागि औपचारिक अनुरोध गर्न, प्रस्ताव राख्न, वार्ता गर्न, कुनै सूचना दिन, आयोजनाको अवधारणापत्र एवम् प्रस्तावसहित पत्राचार गर्न तथा समझदारीपत्र वा सम्झौतामा हस्ताक्षर गर्न अनिवार्य रुपमा मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने ।

९.१.३ विकास साझेदारहरूले पनि सहायता प्रस्ताव गर्दा वा सहायता परिचालनसम्बन्धी पत्राचार गर्दा मन्त्रालयमार्फत मात्र गर्नु पर्नेछ । प्रदेश र स्थानीय तहले आ–आफ्नो तहमा आयोजना स्वीकृत गर्ने संयन्त्र गठन गरेको वा निकाय तोकेकोमा त्यस्तो संयन्त्र वा निकायको सहमति लिनुपर्ने ।

९.१.४ सार्वजनिक पद धारण गरेको कुनै पनि तहको पदाधिकारी र आयोजनामा कुनै पनि सेवा सर्तमा संलग्न व्यक्तिले मन्त्रालयको पूर्व स्वीकृति नलिई विकास सहायतामा सञ्चालित कार्यक्रम र आयोजनाबाट खर्च व्यहोर्ने गरी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, स्वदेशी तथा विदेशी परामर्शदाता, आपूर्तिकर्ता वा ठेकेदारको निमन्त्रणामा वैदेशिक भ्रमण गर्न नपाउने । सो को सुनिश्चतता विकास साझेदारले समेत गर्नुपर्ने ।

## ९.२ स्थानीय विकास साझेदार बैठक

स्थानीय विकास साझेदार बैठक सामान्यतः वर्षको दुई पटक वा आवश्यकता अनुसार आयोजना गरिने । यो संयन्त्रले स्थानीय रुपमा कार्यरत विकास साझेदार र नेपाल सरकारका बीच विकास सहायता परिचालन नीति कार्यान्वयन एवम् सहायता परिचालनका सम्वन्धमा आइपर्ने समस्याका विषयमा नियमित सम्वाद र समन्वय गर्ने मञ्चको रूपमा कार्य गर्ने ।

## ९.३ विकास साझेदारहरूको कार्यक्षेत्र विभाजन

विकास साझेदारहरूले आ-आफ्नो तुलनात्मक विशेषज्ञता र विगतको संलग्नताका आधारमा आपसी सहमतिमा सहयोगका विषयगत क्षेत्रहरू विभाजन गरी सहायता प्रदान गर्ने । यस कार्यमा मन्त्रालयले समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

## ९.४ सहायताको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धता

९.४.१ सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकता, मानव अधिकारका विश्वव्यापी मान्यता, लोकतन्त्र, कानूनको शासन, हरित, उत्थानशील र समावेशी विकास, सुशासन, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, सहायताको पारदर्शिता र उत्तम नतिजालाई महत्व दिने।

९.४.२ पूर्वाधार विकासमा प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकारका निकाय वा सोसँग आबद्ध संस्थाहरूमा संस्थागत सुधार एवम् क्षमता विकासका कार्यक्रमहरू लागू गर्ने ।

९.४.३ सहायता एवम् विकास प्रभावकारिताका लागि अन्तर्राष्ट्रिय साझेदारीसँग सहकार्य गर्ने र उच्चस्तरमा गरिएका प्रतिवद्धताहरूको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सहभागी हुने

९.४.४ संभाव्य वित्तीय जोखिम कम गर्न र खरिद प्रणाली सहित सार्वजनिक वित्त व्यवस्थापनमा सुधार गर्न कार्यक्रमहरू लागू गर्ने ।

९.४.५ राष्ट्रिय क्षमता अभिवृद्धि गरी आयोजनाको सञ्चालन खर्च घटाउने र दिगोपना कायम गर्ने ।

९.४.६ विकास साझेदारहरूसँगको सहकार्यमा सहायता कार्यान्वयनलाई प्रभावकारी बनाउने।

९.४.७ सार्वजनिक खर्च र वित्तीय जवाफदेहिता मूल्याङ्कनका सुझावहरू कार्यान्वयन गर्ने ।

९.४.८ सार्वजनिक सेवा प्रवाहको प्रक्रियालाई सरलीकरण गर्न र खर्चको गुणस्तरमा सुधार ल्याउने ।

९.४.९ पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न उपलब्ध विकास सहायता सम्बन्धी सूचना सार्वजनिक गर्ने ।

## ९.५ कर छुट तथा प्रवेशाज्ञा सम्बन्धी व्यवस्था

९.५.१ सामान्यतः अनुदानको रूपमा प्राप्त हुने विकास सहायताको रकम कर तिर्ने प्रयोजनको लागि उपयोग नगरिने । वस्तुगत सहायता अन्तर्गत प्राप्त हुने उपकरण तथा सामग्रीको पैठारीमा सम्बन्धित विषयगत मन्त्रालयको सिफारिसमा औचित्यका आाधारमा मन्त्रालयले कर छुट सुविधा प्रदान गर्न सक्ने वा नेपाल सरकारको श्रोतबाट कर दायित्व व्यहोर्ने।

९.५.२ सामान्यतः खर्च प्रणाली मार्फत कर छुट दिने व्यवस्था अवलम्बन गर्ने गरी सम्झौता गरिने ।

९.५.३ सामान्यतः ऋण सहायताका आयोजनामा कर छुट सम्बन्धी प्रावधान नराखिने ।द्विपक्षीय सहायता परिचालन सम्झौतामा भएको करछुटको प्रावधान बमोजिम कर प्रयोजनको लागि

DRAFT

आवश्यक पर्ने रकम आन्तरिक स्रोतबाट व्यहोर्ने प्रबन्ध मिलाइने । स्वदेशमै उत्पादन हुने सामाग्री पैठारीमा कर छुट नदिने नीति अख्तियार गरिने ।

९.५.४ सम्झौतामै उल्लेख भएको अवस्था र आन्तरिक स्रोतबाट प्रबन्ध गर्न नसकिएका आयोजनाको हकमा प्रचलित कानुनको अधीनमा रही कर छुट प्रदान गर्न सकिने ।

९.५.५ आय तथा मुनाफामा लाग्ने कर विकास सहायताको अंश नमानिने हुँदा यस सम्बन्धमा प्रचलित करसम्बन्धी कानुन आकर्षित हुने ।

९.५.६ विकास सहायता संलग्न भएको आयोजनामा काम गर्ने विदेशी कामदार, कर्मचारी र तिनका आश्रितलाई सम्झौतामा उल्लेख भएअनुसार प्रवेशाज्ञा, श्रम स्वीकृति र कार्य सहमती उपलब्ध गराउने व्यवस्था मिलाउने ।

## ९.६ अन्य व्यवस्था

९.६.१ सामाजिक समावेशीकरण, सीमान्तकृत समुदायको जीवनस्तर वृद्धि, लैङ्गिक समानता, आर्थिक तथा सामाजिक दृष्टिकोणबाट पछाडि परेका क्षेत्र र समुदायको विकास जस्ता अन्तरसम्बन्धित विषयहरू अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालन हुने सबै आयोजना तथा कार्यक्रमका अभिन्न अङ्ग हुने ।

९.६.२ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन हुने आयोजनाको विकास गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मध्यनजर राख्दै यथासम्भव सोलाई टेवा दिने प्रकृतिका क्रियाकलापहरू समावेश गर्ने व्यवस्था मिलाउने ।

९.६.३ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेपालको राष्ट्रियता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता, धार्मिक, जातीय र सामाजिक सद्भभावमा खलल पुर्‍याउने र राष्ट्रिय सुरक्षा नीतिमा प्रतिकूल असर पर्ने गरी विकास सहायता स्वीकार नगर्ने ।

## ९.७ खारेजी र बचाउ

९.७.१ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ खारेज गरिएको छ ।

९.७.२ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै नीति अन्तर्गत भए गरेको मानिनेछ ।

९.७.३ यो नीतिको व्याख्या तथा कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

नेपाल सरकारबाट स्वीकृत मितिः २०८१।।।।।

## भाग दस
## नीति कार्यान्वयन कार्ययोजना

DRAFT

## १०. नीति कार्यान्वयन कार्ययोजना

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| २.५.१ विकास सहायतालाई राष्ट्रिय प्रणाली तथा प्राथमिकतासँग तादाम्यता अभिवृद्धि गर्ने । | ३.१.१ आवधिक विकास योजनाले पहिचान गरेका विषयगत एवम् क्षेत्रगत नीति कार्यान्वयन गर्ने ।<br>३.१.२ संघ, प्रदेश तथा स्थानीय तहका विषय-क्षेत्रगत नीति, वार्षिक नीति तथा कार्यक्रम तथा बजेट मार्फत घोषणा भएका कार्यक्रम कार्यान्वयन गर्ने ।<br>३.१.३ सरकारले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका प्रतिबद्धता पुरा गर्न तय गरिएका कार्यक्रम कार्यान्वय गर्ने ।<br>३.१.४ सहायतालाई संघ, प्रदेश र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी सरकारी कोष मार्फत परिचालन गर्न प्राथमिकता दिने ।<br>३.१.५ सार्वजनिक खरिद, लेखाङ्कन, प्रतिवेदन, लेखा परीक्षण, सामाजिक तथा लैङ्गिक मुद्दा एवम् वातावरणीय प्रभाव न्यूनीकरणका मुद्दाहरू सम्बोधन गर्दा राष्ट्रिय कानून र प्रणालीसँग सामञ्जस्य हुने गरी सहायता परिचालन गर्ने ।<br>३.१.६ विकास सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रम सरकारको विद्यमान संरचना र जनशक्तिबाटै कार्यान्वयन गर्न जोड दिने ।<br>३.१.७ समन्यायिक विकासमा योगदान पुऱ्याउने गरी दुर्गम क्षेत्रका प्राथमिकता प्राप्त कार्यक्रमहरूको लागि विकास सहायताबाट स्रोत उपलब्ध गराउन प्राथमिकता दिने । | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>विकास साझेदार | राष्ट्रिय बजेट प्रणालीबाट परिचालन हुने सहायताको अंश बढ्दै जाने । | निरन्तर |

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
| --- | --- | --- | --- | --- |
| | ३.१.८ राष्ट्रका संवेदनशील क्षेत्र तथा विषयहरूमा विदेशी सहायता स्वीकार नगरिने ।<br>३.१.९ विकास साझेदारका साझेदारी खाका / रणनीतिसंग राष्ट्रिय आवश्यकता बीच तादाम्यता हुने गरी विकास सहायता परिचालन गर्न प्राथमिकता दिने ।<br>३.१.१० विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरलाई अनुकूलन र न्यूनीकरण गर्न बनाइएका योजना तथा खाका कार्यान्वयन गर्न सहायता प्राप्त गर्ने ।<br>३.१.११ विकास सहायता मार्फत आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गर्न उपयुक्त देखिएको क्षेत्र तथा कार्यक्रममा सहायता परिचालन गर्ने।<br>३.१.१२ व्यापार सम्बन्धी पूर्वाधार विकास, व्यापार सहजीकरण, व्यापार क्षमतामा अभिवृद्धि र निकासी सम्बन्धी उद्योगको विकास गर्न व्यापारका लागि सहायता मार्फत प्राप्त हुने विकास सहायता परिचालन गर्ने। | | | |
| २.५.२ विकास सहायताको नतिजाप्रति सहायता प्राप्त गर्ने पक्ष र विकास साझेदारको संयुक्त जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्ने । | ३.२.१ आयोजना पहिचान चरण देखि नै कार्यान्वयन गर्ने निकायलाई सक्रिय सहभागी गराई स्वामित्व अभिवृद्धि गर्ने ।<br>३.२.२ विकास साझेदार तथा सहायता प्राप्त गर्ने पक्षले सहायताको शीघ्र कार्यान्वयनका लागि प्रकियागत सरलीकरणमा जोड दिने ।<br>३.२.३ विकास सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित रुपमा अनुगमन र आवधिक मूल्याङ्कन गर्ने ।<br>३.२.४ विकास सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रमको संयुक्त रुपमा प्रगति समीक्षा गरी देखिएका समस्याको निराकरण गर्ने । | नेपाल सरकार, विकास साझेदार | प्रतिबद्धताको तुलनामा विकास सहायता परिचालन प्राप्तीको अनुपात बढ्ने । | निरन्तर |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.२.५ विकास सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रम समयमै सम्पन्न गरी अपेक्षित प्रतिफल हासिल भएको सुनिश्चित गर्न दुबै पक्षले संयुक्त रुपमा जवाफदेहिता र उत्तरदायित्व बहन गर्ने । | | | |
| २.५.३ बजेटरी, कार्यक्रम र आयोजनामा आधारित सहायतामा सार्थक पहुच स्थापित गर्दै उपयोग क्षमता बढाउने । | ३.३.१ आयोजनामा आधारित सहायता प्राप्त गर्दा देहायका विषयमा जोड दिने<br>३.३.१.१ आयोजना छनोट गर्दा आर्थिक संभाव्यता, उच्च प्रतिफल दर, न्यून सञ्चालन खर्च, नवीनता, थप लगानी आकर्षित गर्ने क्षमता (उच्च लिभरेज) र दिगोपनालाई आधार बनाइने।<br>३.३.१.२ पूर्वतयारी पूरा भएका, लागत लाभ विश्लेषणबाट प्रतिफलयुक्त देखिएका तथा कार्यान्वयन निकाय र विधि एकिन भएका आयोजना छनोट गरिने।<br>३.३.१.३ विकास साझेदारको बहुवर्षीय आयोजना सूचीमा समावेश गर्दा क्षेत्रगत प्राथमिकतामा समावेश भएका आयोजनाहरूमध्ये प्राथमिकताक्रमका आधारमा छनोट गर्ने।<br>३.३.१.४ मन्त्रालयले विकास गरेको प्रोजेक्ट रेडिनेस फिल्टर बमोजिम आयोजना विकासका पूर्वतयारी पुरा भएको हुनुपर्ने।<br>३.३.१.५ आयोजना कार्यान्वयनका लागि आवश्यक परामर्शदाता प्रतिको निर्भरता क्रमशः घटाउँदै नेपाल सरकारकै जनशक्तिबाट कार्यान्वयन गर्ने।<br>३.३.१.६ आयोजना कार्यान्वयनका क्रममा खरिद विधि अवलम्बन गर्दा सकेसम्म राष्ट्रिय खरिद कानून अवलम्बन गर्न जोड दिने । दातृ पक्षको खरिद नीति कार्यान्वय गर्दा दातृ पक्ष | नेपाल सरकार,<br>विकास साझेदार | प्रतिबद्धताको तुलनामा प्राप्तीको अनुपात बढोत्तरी हुने । | निरन्तर |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | र नेपाल सरकारको खरिद कानून तथा प्रक्रिया बीच तादात्म्यता कायम गर्न जोड दिने। | | | |
| | ३.३.१.७ आयोजना सम्झौता गर्दा नै अन्तरनिकाय जिम्मेवारी तथा कार्यान्वयन कार्ययोजना तय गर्ने। | | | |
| | ३.३.१.८ आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने निर्माण सामग्री लगायतका आगतको सुनिश्चितता गरिने। | | | |
| | ३.३.१.९ ठुला आयोजना कार्यान्वयनका क्रममा आउने समस्या तत्काल समाधानका लागि अन्तरनिकाय प्रतिनिधित्व रहेको संयन्त्र निर्माण गरिने। | | | |
| | ३.३.१.१० आयोजना कार्यान्वयनका क्रममा प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायले सहजीकरण गर्नुपर्ने। | | | |
| | ३.३.१.११ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा आयोजनाको सञ्चालन खर्च न्यून गर्न र कार्यान्वयनमा ढिलाइ हुन नदिन साना प्रकृतिका एकल आयोजनाहरूका निम्ति विकास साझेदारको साझा कोष निर्माण गर्न विकास साझेदारहरूलाई प्रोत्साहन गरिने । | | | |
| | ३.३.१.१२ ठूला प्रकृतिका उच्च लागत भएका आयोजनामा एकभन्दा बढी विकास साझेदारसंग विकास सहायता परिचालन गर्नुपरेमा नेतृत्व गर्ने विकास साझेदारमार्फत समन्वय गर्ने प्रणाली विकास गर्न जोड दिने । विकास सहायताका शर्तहरु समेत नेतृत्व गर्ने विकास साझेदारकै लागू हुने व्यवस्था गर्ने । | | | |
| | ३.३.१.१३ साझा कोषबाट प्राप्त हुने रकम राष्ट्रिय बजेटमा समावेश गरी मूलतः प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने मझौला र साना आयोजनामा खर्च गर्ने गरी हस्तान्तरण हुने व्यवस्था मिलाउने । | | | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.३.१.१४ आयोजना प्रमुखको जिम्मेवारी आयोजना अवधिभरको लागि तोक्न जोड दिने।<br><br>३.३.२ **कार्यक्रममा आधारित र क्षेत्रगत** सहायता प्राप्त गर्दा देहायका विषयमा जोड दिने ।<br>३.३.२.१ आवधिक योजना र वार्षिक कार्यक्रमबाट निर्धारित परिमाणात्मक लक्ष्य समावेश गरी निकासा आबद्ध सूचक निर्धारण गर्ने ।<br>३.३.२.२ नतिजा तथा उपलब्धिको तेश्रो पक्षबाट मूल्याँकनका लागि सार्वजनिक क्षेत्रका विज्ञ र विशिष्टिकृत निकायलाई तोक्ने ।<br>३.३.२.३ प्राप्त हुने सहायता सम्बन्धित क्षेत्रका पूर्वाधार आयोजना तथा रुपान्तरणकारी आयोजना तथा कार्यक्रममा विनियोजन गर्ने ।<br>३.३.२.४ मन्त्रालयले तयार गरेको रेडिनेस फिल्टर बमोजिम कार्यक्रम विकासका पूर्वतयारी पुरा भएको हुनुपर्ने ।<br>३.३.२.५ कार्यक्रममा आधारित सहायता रकम शोधभर्ना प्राप्त गर्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको छुट्टै खातामा जम्मा गरी खर्चको प्रगतिको आधारमा केन्द्रिय खातामा स्थानान्तरण गर्ने ।<br>३.३.२.६ दाताको संयुक्त कोष सिर्जना गरी सकेसम्म अनुदान र ट्रष्ट फण्डमा जोड दिने ।<br>३.३.२.७ राष्ट्रिय कानुन तथा मापदण्ड लागु गर्न जोड दिने ।<br><br>**३.३.३ नीतिगत सुधारमा आधारित बजेट सहायता प्राप्त गर्दा देहायका विषयमा जोड दिने ।**<br>३.३.३.१ सरकारको प्राथमिकतामा रहेका नीतिगत तथा कानूनी सुधारलाई समावेश गरी सुधारका क्षेत्र कायम गर्ने । | | | |

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.३.३.२ सुधारका लागि कार्यक्रम तय गर्ने, तय गरिएका कार्यहरू सम्पन्न गर्ने र सुधारलाई संस्थागत गर्न मन्त्रालयको नेतृत्वमा सम्बन्धित मन्त्रालय / निकायको प्रतिनिधित्व रहेको संयन्त्र स्थापना गर्ने ।<br>३.३.३.३ पूर्व तयारी सम्पन्न भएका, उच्च प्राथमिकताका र रणनीतिक महत्वका आयोजना तथा कार्यक्रममा बजेटरी सहायताको विनियोजन गर्न जोड दिने ।<br>३.३.३.४ बजेट सहायतामा विनियोजन रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा सम्बन्धित आयोजनाको नाममा छुट्याई आगामी वर्षका लागि सोही आयोजनामा विनियोजन गर्ने ।उक्त आयोजना सम्पन्न भएपछि उपयोग हुन बाँकि रकम अर्को प्राथमिकता प्राप्त आयोजनामा विनियोजन गर्ने । | | | |
| २.५.४ विकास सहायता परिचालन गर्दा निजी क्षेत्रको विकास र निजी पुँजी आकर्षित गर्न जोड दिने । | विकास सहायता परिचालन गर्दा देहायका नवीन वित्तीय उपकरणहरु उपयोग गरी निजी क्षेत्रको विकास र निजी पुँजी आकर्षित गरिने ।<br>**३.४.१ सम्मिश्रित वित्त विधिमा विकास सहायता परिचालन गर्दा देहाय बमोजिम गर्ने**<br>३.४.१.१ सरकारले विकास सहायताको प्रभावकारिता बढाउन तथा थप लगानी आकर्षित गर्न (सहायताको लिभरेज दर बढाउन) व्यापारिक, निजी, गैरसरकारी कोष तथा अनुदान र सहुलियतपुर्ण ऋण सहायतालाई मिश्रित गरी सम्मिश्रीत वित्त विधिमा विकास सहायता परिचालन गर्न सकिने ।<br>३.४.१.२ यस विधि अन्तर्गत अनुदान तथा ऋण सहायताको रकम तथा उल्लिखित अन्य स्रोतको रकम एकै डालोमा राखी आयोजनाहरू व्यावसायिक रुपमा सम्भाव्य हुनेगरी तथा | नेपाल सरकार,<br>निजी क्षेत्र<br>विकास साझेदार | विकास सहायताका नयाँ उपकरणहरु मार्फत थप वैदेशिक सहायता परिचालन हुने । | निरन्तर |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | निजी पुँजी आकर्षित गर्नेगरी वित्तीय ढाँचा निर्धारण गर्न सकिने ।<br>३.४.२ **सार्वजनिक-निजी साझेदारीः**<br>३.४.२.१ नेपाल सरकारले तोकेका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू सार्वजनिक(निजी साझेदारी अन्तर्गत सञ्चालन गर्दा सोमा संलग्न सार्वजनिक क्षेत्रलाई पूँजीको अभाव परिपूर्ति गर्न कानुन बमोजिम नेपाल सरकार जमानी बसी ऋण परिचालन गर्न सक्ने ।<br>३.४.२.२ सार्वजनिक-निजी साझेदारीलाई संभाव्य र आकर्षक वनाउन सो मा संलग्न निजीक्षेत्रलाई वाह्यपुँजीमा पहुँच स्थापित गर्न सहजीकरण गर्ने ।<br>३.४.३ **भायविलिटि ग्याप फण्डिङ्गः**<br>३.४.३.१ सार्वजनिक निजी साझेदारीलाई आर्थिक रुपमा संभाव्य र आकर्षक वनाउन सरकारले विकास सहायता परिचालन गरी पुँजी लगानी गर्न, पुँजीगत अनुदान दिन वा अन्य विधि मार्फत वित्तीय जोखिम न्यूनीकरणमा साझेदारी गर्न सक्ने ।<br>३.४.४ **वण्डः**<br>३.४.४.१ विकास वित्तको आवश्यकता पुरा गर्न कानूनद्धारा स्थापित हुने सार्वजनिक प्रकृतिका लगानी वा विकास कोषहरुमा बाह्य पुँजी परिचालन गर्न सहजीकरण गर्ने ।<br>३.४.४.२. सरकार स्वयंले वा राष्ट्रिय अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहभागितामा दिगो विकास, ऊर्जा तथा हरित विकास सम्बन्धी आयोजनामा लगानी गर्न निश्चित प्रतिफल दरको अनसोर वा अफसोर सार्वभौम वण्ड जारी गर्न सक्ने । | | | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.४.४.३. सरकारको पुर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले यस्तो वण्ड जारी गर्न चाहेमा कानुन बमोजिम काउन्टर ग्यारेन्टि दिन सकिने।<br>**३.४.५ पुर्वाधार बण्डः**<br>३.४.५.१ निजीक्षेत्रको नेतृत्वमा यातायात, ऊर्जा तथा औद्योगिक पुर्वाधार आयोजना विकास गर्ने कम्पनीमा शेयर लगानी गर्न वा क्रेडिटलाईन सुविधा उपलव्ध गराउन पुर्वाधार फण्ड स्थापना गर्न सरकारले नीतिगत सहजीकरण गर्ने । यस्तो कोषमा नेपाल सरकारको निर्णयले माइनरिटी शेयर लगानी गर्न सकिने।<br>३.४.५.२ निजी क्षेत्रको नेतृत्वमा सञ्चालन हुने वा नेपाल सरकारको स्वामित्व भएका संस्थाले विकास गर्ने राष्ट्रिय प्राथमिकताका आयोजनाको पूँजी तथा लगानी संरचनाको निश्चित अंशमा नेपाल सरकार समेत सहभागी हुने गरी विकास सहायता परिचालन गर्न सकिने ।<br>३.४.६ **निजी क्षेत्रमा परिचालन हुने सहायतामा सहजीकरण**<br>३.४.६.१. विकास साझेदारबाट निजी क्षेत्र विकासका लागि परिचालन गरिने सहायता रकम सरकारको प्रणालीबाट आवश्यक सार्वजनिक पूर्वाधार निर्माण, नीतिगत र नियामकीय व्यवस्थामा सुधार, प्रविधि हस्तान्तरण जस्ता क्षेत्रमा परिचालन गर्न सकिने।<br>३.४.६.१. मुलुकलाई छुट्टाइएको सहायता रकमको परिमाण बाहिरबाट निजी क्षेत्रमा प्रवाह हुने अनुदान वा ऋण परिचालनमा आवश्यक समन्वय र सहजीकरण गरिने। तर भविष्यमा सरकारको दायित्व हुने गरी यस्तो सहायता परिचालन नगरिने। | | | |

| रणनीति | कार्यनीति | | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|---|
| २.५.५ जलवायु न्यायको मान्यताका आधारमा नेपाललाई लाभ हुने गरी जलवायु वित्तको अधिकतम परिचालन गर्ने । | ३.५.१ | सन् २०४५ भित्र कार्बन तटस्थ हुने प्रतिबद्धता (Net Zero carbon) पुरा गर्ने गरी तय भएको राष्ट्रिय निर्धारित योगदान (NDA) तथा राष्ट्रिय अनुकुलन योजना(NAP) को लागि श्रोतको आवश्यकता पुरा गर्ने गरी कार्बन उत्सर्जक विकसित देशले प्रतिवद्धता गर्नुपर्ने जलवायु वित्तको रकममा वृद्धि गर्न अन्तर्राष्ट्रिय स्तरमा प्रयास गर्ने। | नेपाल सरकार,<br>विकास साझेदार<br>जलवायु वित्त सम्बन्धी अन्तर्राष्ट्रिय कोषहरु | जलवायु वित्त कोषबाट प्राप्त हुने सहायताको परिमाणमा बढोत्तरी हुने । | निरन्तर |
| | ३.५.२ | राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने। | | | |
| | ३.५.३ | जलवायु परिवर्तनबाट अत्याधिक प्रभावित क्षेत्र(Sector) तथा भुगोल (Geography) लाई जलवायु वित्त परिचालनमा प्राथमिकता दिने। | | | |
| | ३.५.४ | जलवायु वित्त परिचालनमा ऋणलाई भन्दा अनुदानलाई र जलवायु अनुकुलनको क्षेत्रलाई प्राथमिकता दिने। | | | |
| | ३.५.५ | जलवायु वित्त राष्ट्रिय प्रणालीबाट परिचालन गर्न प्राथमिकता दिने। | | | |
| | ३.५.६ | जलवायु कोषहरुमा पहुँच बढाउन कोषहरुको प्रक्रिया सरलीकरणमा जोड दिने। | | | |
| | ३.५.७ | जलवायु सम्बन्धी आयोजना तयार गर्न, जलवायु कोषमा पहुँच अभिवृद्धि गर्न तथा कोषबाट प्राप्त रकमको प्रभावकारी उपयोगको लागि जलवायु वित्तको परिचालन गर्ने निकायहरुको क्षमता अभिवृद्धि गर्ने। | | | |
| | ३.५.८ | जलवायु वित्त परिचालनको लागि नेपाल सरकारले गर्नुपर्ने सह-वित्तियकरण जस्ता शर्तहरु कम गर्ने। | | | |
| | ३.५.९ | क्षतिपूर्ति कोषको प्रभावकारी कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्ने। | | | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.५.१० कार्बन व्यापारमा नेपाललाई अधिकतम लाभ हुने गरी अन्तर्राष्ट्रियरुपमा प्रचलित नवीनतम पद्धतिहरुको अवलम्बन गर्ने।<br>३.५.११ जलवायु वित्त परिचालनका नवीनतम उपकरणको उपयोग गर्ने।<br>३.५.१२ जलवायु वित्त परिचालनका लागि आयोजना बैंक तयार गरी प्राथमिकताको आधारमा उपलब्ध स्रोतको परिचालन गर्ने।<br>३.५.१३ जलवायु परिवर्तन अनुकुलनका आयोजना विकास गर्दा कृषि, खानेपानी, सिंचाई, वन लगायतका एकीकृत र कार्यक्रमगत विधिबाट विकास गर्न जोड दिने ।<br>३.५.१४ जलवायु वित्तको परिचालनको जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धिको लागि अन्तर्राष्ट्रिय मंचहरुमा बहस पैरवी गर्ने।<br>३.५.१५ गैरसरकारी क्षेत्र तथा निजी क्षेत्रबाट गरिने जलवायु वित्त परिचालनलाई नियमित तथा व्यवस्थित गर्ने।<br>३.५.१६ जलवायु वित्त परिचालनको समन्वय मन्त्रालय मार्फत गर्ने।<br>३.५.१७ जलवायु वित्त परिचालनलाई थप व्यवस्थित गर्न कार्यविधि बनाइ कार्यान्वयन गर्ने। | | | |
| २.५.६ राष्ट्रिय क्षमता तथा विशेज्ञताको कमी पूरा गर्न छनौटपूर्व प्राविधिक सहायता उपयोग गर्ने । | **३.६.१ प्राविधिक सहायता देहाय अनुसार परिचालन गर्ने**<br>३.६.१.१ नेपाल सरकारले शर्तरहित सहायतालाई प्राथमिकता दिनेछ। सामान्यतया देशभित्र जनशक्ति उपलब्ध हुन नसकेको अवस्थामा मात्रै अन्तर्राष्ट्रिय परामर्श सेवा लिइनेछ।<br>३.६.१.२ प्राविधिक सहायता ऋणको रुपमा उपयोग नगर्ने।<br>३.६.१.३ प्राविधिक सहायता स्वीकार गर्नुपूर्व अर्थ मन्त्रालयको सहमति लिनुपर्ने। | नेपाल सरकार, विकास साझेदार | राष्ट्रिय प्रणालीभन्दा बाहिरबाट परिचालन हुने विकास सहायताको अंश घट्दै जाने । | निरन्तर |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.६.१.४ प्राविधिक सहायताबाट सवारी साधन, यन्त्र उपकरण खरिद गर्न वा वैदेशिक अध्ययन भ्रमण वा तालिममा भाग लिन अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने।<br>३.६.१.५ राष्ट्रिय आवश्यकता र लाभका आधारमा अन्तर्राष्ट्रिय र क्षेत्रीय स्वरुपका प्राविधिक सहायता स्वीकार गर्न सकिने।<br>३.६.१.६ क्षेत्रीय प्राविधिक सहायता स्वीकार गर्दा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विकासका मुद्दा एवं चासोका पक्षसँग सम्बन्धित विषयमा नेपालको संलग्नता तथा लाभ सुनिश्चित गर्ने।<br>३.६.१.७ विकास साझेदारहरूले सबै प्राविधिक सहायताको विवरण सहायता सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने।<br>**३.६.२ आयोजना तयारी सहायता देहाय अनुसार परिचालन गर्ने**<br>३.६.२.४ आयोजना तयारीको लागि सामान्यतयाः अनुदान सहायतामा जोड दिने।<br>३.६.२.५ उच्च प्रतिफलयुक्त एवं आय आर्जन हुने आयोजनाको हकमा प्राविधिक जटिलता तथा स्रोतको उपलब्धताको आधारमा सहुलियतपूर्ण ऋण परिचालन गर्नसक्ने ।<br>३.६.२.६ उपरोक्तानुसार परिचालन भएको ऋण सहायताको रकम आयोजना लागतमा समावेश गर्ने ।<br>३.६.३ **आयोजनागत प्राविधिक सहायता देहाय अनुसार परिचालन गर्ने**<br>३.६.५.१० राष्ट्रिय प्राथमिकताका आयोजना कार्यान्वयन चरणमा आवश्यक विशेषज्ञताको कमी पूरा गर्न आयोजनागत प्राविधिक सहायता स्वीकार गर्नसक्ने।<br>३.६.५.११ आयोजनामा प्राविधिक सहायता परिचालन गर्दा कार्यान्वयन निकायको संस्थागत क्षमता विकास गर्ने तथा सिकाइ एवं | | | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | प्रविधि हस्तान्तरण गर्ने गरी बहिर्गमन र दिगोपना सुनिश्चित गर्ने ।<br>३.६.५.१२ प्राविधिक सहायताको आवधिक समीक्षा गर्ने।<br>**३.६.६ परामर्शदाता परिचालन**<br>३.६.६.१ परामर्शदाता परिचालन गर्दा उपलब्ध र सम्भव भएसम्म नेपाली नागरिक वा संस्थालाई प्राथमिकता दिने।<br>३.६.६.२ प्रविधि तथा ज्ञानको हस्तान्तरण गर्ने र राष्ट्रिय स्तरमा उपलब्ध नभएको विज्ञताका लागि मात्र अन्तर्राष्ट्रिय परामर्शदाता परिचालन गर्ने<br>३.६.६.३ परामर्श सेवाको लागि आयोजना दस्तावेजमा स्पष्ट सीमा, सर्त र कार्यविवरण संलग्न हुनुपर्ने।<br>३.६.६.४ नेपाल सरकारको पूर्वस्वीकृति बिना पूर्वाधार आयोजनाको कूल लागतको ५ प्रतिशतभन्दा बढी रकम परामर्श सेवामा खर्च नगर्ने।<br>३.६.६.५ प्रदेश र स्थानीय तहले विदेशी परार्शदाता परिचालन गर्न सम्बन्धित विषयगत मन्त्रालयमार्फत अनुरोध गरेमा आवश्यकता र औचित्यको आधारमा मन्त्रालयले सहमति दिनसक्ने।<br>**३.६.७ स्वयंसेवक परिचालन**<br>३.६.७.१ द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूबाट प्राविधिक सहायताको रुपमा स्वयंसेवक परिचालन गर्नसक्ने।<br>३.६.७.२ स्वयंसेवकहरूलाई प्राविधिक विशेषज्ञता र विकास आयोजना वा कार्यक्रमको आवश्यकताअनुसार संघ, प्रदेश र स्थानीय तहमा परिचालन गर्नसक्ने। | | | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.६.७.३ प्राथमिकताका क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रमा स्वयंसेवक पठाउन द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूलाई अनुरोध गर्नसक्ने।<br>३.६.७.४ विषयगत मन्त्रालय र विकास साझेदारले खाका सम्झौताबमोजिम स्वयंसेवक परिचालन गर्दा मन्त्रालयको स्वीकृति लिनुपर्ने।<br>३.६.७.५ स्वयंसेवक उपलब्ध गराउने विकास साझेदारले कार्य सहमतिको लागि अनुरोध गर्नुपूर्व मन्त्रालयमा रहेको सूचना प्रणालीमा विवरण प्रविष्ट गर्नुपर्ने।<br>३.६.७.६ दिगो रूपमा उपयोग हुने गरी प्रविधि, ज्ञान र सीप हस्तान्तरणको निम्ति स्वयंसेवकहरूलाई स्थानीय संस्था, निकाय वा समुदायसँग आबद्ध गराइने।<br>३.६.७.७ स्वयंसेवक सेवाको अनुगमन परिचालन गर्ने निकायले गर्ने।<br>३.६.७.८ स्वयंसेवक प्रदायक संस्थाले स्वयंसेवक परिचालन सम्वन्धी प्रतिवेदन वार्षिक रुपमा सम्बन्धित मन्त्रालय र मन्त्रालयमा पठाउने।<br>३.६.७.९ स्वयंसेवकहरूले नेपालको सभ्यता, संस्कृति, र सामाजिक सद्भाव अनुकूल हुने गरी नेपाली नागरिकको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नुपर्ने | | | |
| २.५.७ राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वस्तुगत सहायता उपयोग गर्ने । | ३.७.१ वस्तुगत सहायता लिनुपर्ने औचित्य सहित विषयगत मन्त्रालय / निकायले सहमति माग गरेमा विकास साझेदारबाट अनुदानमा वस्तुगत सहायता स्वीकार गर्न सहमति दिन सक्ने ।<br>३.७.२ नेपाल सरकारको पूर्व स्वीकृति बिना ऋणमा वस्तुगत सहायता नलिने। | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>विकास साझेदार | वस्तुगत सहायता स्वीकार गर्ने प्रणाली व्यवस्थित हुने । | निरन्तर |

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.७.३ वस्तुगत सहायता प्रदान गर्दा विकास साझेदारले मन्त्रालयसँग समन्वय गर्ने।<br>३.७.४ विकास साझेदारबाट प्रदेश र स्थानीय तहमा परिचालन हुने वस्तुगत सहायताको हकमा सम्बन्धित तहको अनुरोध र संघीय विषयगत मन्त्रालयको सिफारिशमा उपयोग गर्नसक्ने ।<br>३.७.५ प्रचलित कानूनले पैठारी गर्न रोक लगाएका वस्तु सहायताका रुपमा स्वीकार नगर्ने ।<br>३.७.६ विकास साझेदारबाट वस्तुगत सहायताका रुपमा विद्युतीय सफ्टवेयर स्वीकार गर्दा सो को सोर्स कोड, वार्षिक नवीकरण तथा मर्मत शुल्क लगायतका नेपाल सरकारलाई दायित्व सृजना हुने विषयमा सम्बन्धित विषयगत मन्त्रालयको विश्लेषण र विकल्प समेत प्राप्तगर्ने ।<br>३.७.७ विपद्, स्वास्थ्य महामारी र औषधि उपकरण र सुरक्षा निकायले प्राप्त गर्ने सामरिक महत्वका हातहतियार तथा बन्दोबस्ती सम्बन्धी अनुदानगत हुने वस्तुगत सहायता मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले स्वीकार गर्ने प्रक्रिया अघि बढाउन सक्ने । | | | |
| २.५.८ विकास सहायता परिचालनमा संघ, प्रदेश र स्थानीय तहको स्वामित्व र समन्वय सुदृढ गर्ने । | ३.८.१ अनुदान सहायता, संघीय सरकारको दायित्व अन्तर्गतको ऋण सहायता र प्राविधिक सहायताका हकमा मन्त्रालयले वित्तीय सम्झौता गरी कार्यान्वयनका लागि प्रदेशमा पठाउनेछ ।<br>३.८.२ प्रदेश र स्थानीय तहको अनुरोधमा परिचालन हुने ऋण सहायताको सम्झौता गर्दा नेपाल सरकारले सम्बन्धित तहसँग सहायक ऋण सम्झौता गरी बजेट मार्फत कार्यान्वयनका लागि पठाउने। आवश्यकतानुसार एस्क्रो | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>विकास साझेदार | प्रदेश र स्थानीय तह मार्फत परिचालन हुने विकास सहायता व्यवस्थित हुने । | निरन्तर |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | एकाउन्ट मार्फत ऋणको साँवा व्याज फिर्ता तिर्ने व्यवस्था गर्नसक्ने ।<br>३.८.३ शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक, क्षेत्रमा परिचालन गरिने ऋण सहायता बाहेक अन्य आयोजना/कार्यक्रममा ऋण सहायता प्रदेश र स्थानीय तह मार्फत परिचालन गर्दा सामान्यतयाः सम्बन्धित तहसँग सहायक ऋण सम्झौता मार्फत परिचालन गर्ने।<br>३.८.४ बजेट प्रणालीमार्फत परिचालन हुने अनुदान सहायताको रकम सशर्त अनुदानको रुपमा र प्रदेश वा स्थानीय तहको मागको आधारमा स्वीकार गरिएको ऋण सहायताको रकम, व्याजदर र भुक्तानीसम्वन्धी शर्तहरू सहितको सहायक ऋण सम्झौता गरी कार्यक्रम सञ्चालन हुने प्रदेश तथा स्थानीय तहमा पठाइने ।<br>३.८.५ संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने विकास आयोजना/कार्यक्रमको लागि सहलगानी बापत आवश्यक पर्ने रकम सम्बन्धित तहले ब्यहोर्ने।<br>३.८.६ प्रदेश र स्थानीय तह मार्फत परिचालन हुने विकास सहायता परिचालनको लागि आयोजना कार्यक्रम विकास गर्दा र वार्ता / सम्झौता गर्दा सम्बन्धित तहको प्रतिनिधित्व गराईने ।<br>३.८.७ विकास सहायता संलग्न कार्यक्रम सञ्चालन गर्ने प्रदेश तथा स्थानीय तहले सम्बन्धित आयोजना सम्झौतामा उल्लेख भएका शर्तहरूका अधिनमा रही खर्च तथा लेखाङ्कन गर्ने र खर्चको वित्तीय तथा भौतिक प्रगतिका विवरणहरू, शोधभर्नाका लागि आवश्यक पर्ने विवरणहरू, आर्थिक विवरणहरू र अन्य विवरणहरू निर्धारित समयभित्रै नियमित | | | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | रुपमा सम्वन्धित आयोजना व्यवस्थापन कार्यालय र इकाइलाई उपलब्ध गराउनु पर्ने । | | | |
| २.५.९ अन्तरनिकाय समन्वय सुदृढ गर्दै विकास सहायताको दक्षतापूर्ण उपयोग गर्ने । | ३.९.१ विकास सहायताका जुनसुकै विधि उपयोग गर्दा सम्बन्धित मन्त्रालय / निकायको सक्रिय सहभागिता सुनिश्चित हुने व्यवस्था<br>३.९.२ विकास सहायता परिचालनमा कुनै समस्या देखा परेमा मन्त्रालयको नेतृत्वमा सम्बन्धित निकाय र विकास साझेदारको त्रिपक्षीय बैठक बसी तत्काल समाधान गर्न जोड दिने ।<br>३.९.३ विकास साझेदारबाट संचालित आयोजना / कार्यक्रममा साझेदारको तर्फबाट कुनै सहजीकरणको सहमति आवश्यक परेमा पठाउन सकिने ।<br>३.९.४ विकास साझेदारले आयोजना / कार्यक्रममा कार्यान्वयनमा हुने निकायसंग प्रत्यक्ष समन्वय र सहजीकरण गर्ने<br>३.९.५ आयोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न नहुने निकायको समन्वय आवश्यक भएमा मन्त्रालयमा लेखी पठाउने ।<br>३.९.६ विकास सहायताको कार्यान्वयन प्रगति सम्बन्धित विकास साझेदारसंगको समन्वयमा आवधिक रुपमा समीक्षा गरिने । | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>विकास साझेदार | आपसी समन्वय सुदृढ भै विकास सहायताको प्रभावकारिता अभिवृद्धि हुने । | निरन्तर |
| २.५.१० विपद् तथा मानवीय सहायतालाई लक्ष्यित क्षेत्रमा शीघ्र परिचालन गर्ने । | ३.१०.१ विपद् व्यवस्थापन र सो प्रयोजनका लागि मानवीय सहायता वा राहत तथा उद्धार, खाद्यान्न, औषधिजन्य लगायतका सामाग्रीहरू स्वीकार गर्न वा त्यस प्रकारका सहायता उपलब्ध गराउन विकास साझेदारहरूलाई अनुरोध गर्न सक्ने । | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>विकास साझेदार | विपद् र मानवीय सहायता परिचालन थप व्यवस्थित हुने । | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.१०.२ उपरोक्तानुसार प्राप्त हुने सहायता तात्कालिक आवश्यकता र क्षमता हेरी संघ, प्रदेश र स्थानीय तहमा रहने संयन्त्र मार्फत वितरण गर्ने व्यवस्था मिलाउने ।<br>३.१०.३ विपदका समयमा मानवीय सहायता परिचालन गर्दा अन्तर्राष्ट्रिय असल अभ्यासहरूप्रति प्रतिबद्ध रहने।<br>३.१०.४ विपद तथा मानवीय सहायता गर्ने विकास साझेदारहरूले राष्ट्रिय क्षमता अभिवृद्धि हुने गरी सङ्कटको रोकथाम, न्यूनीकरण र सम्बोधन गर्नका लागि तयारी, सम्बोधन, राहत, पुनर्निर्माण र पुनर्स्थापना जस्ता चरणहरूमा सरकारसँग समन्वय गर्नुपर्ने।<br>३.१०.५ विपद मानवीय सहायता वितरण गर्दा मानवीय संवेदनाको आधारमा नेपालको सभ्यता, संस्कृति, सामाजिक सद्भाव, व्यक्तिको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नुपर्ने। | | | |
| २.५.११ अन्तर्राष्ट्रिय स्तरमा स्थापना भएका कोषको पहुँचमा बृद्धि गरी विकास सहायता परिचालन गर्ने । | ३.११.१ शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन जस्ता क्षेत्रहरूमा अन्तर्राष्ट्रिय स्तरमा स्थापना गरिएका कोषहरूबाट सहुलियतपूर्ण विकास सहायता परिचालनमा जोड दिने ।<br>३.११.२ अन्तर्राष्ट्रिय कोषबाट प्रतिस्पर्धा गरी विकास सहायता परिचालन गर्दा त्यस्ता कोषको सबै राष्ट्रलाई लागु हुने प्रावधान अन्तर्गत रही राष्ट्रिय प्राथमिकताका आधारमा परिचालन गर्ने।<br>३.११.३ अन्तर्राष्ट्रिय स्तरमा स्थापना भएका कोषबाट नेपाललाई उपलब्ध हुने सहायता लिन मन्त्रालयको पूर्व सहमती लिनु पर्ने । त्यस्तो सहमती विषयगत मन्त्रालयको सिफारिसमा प्रदान गर्ने । | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>विकास साझेदार<br>अन्तर्राष्ट्रिय स्तरमा स्थापना भएका कोष | अन्तर्राष्ट्रिय स्तरमा स्थापना भएका कोषबाट विकास सहायताको आकार र गुणस्तर अभिवृद्धि हुने । | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.११.४ अन्तर्राष्ट्रिय कोषमा परियोजना प्रस्ताव गर्दा मुलुकलाई छुट्टइएको रकमको सीमा भित्र नपरेको र सरकारको दायित्व सिर्जना नहुने यकिन गरेको ।<br>३.११.५ त्यस्तो कोषमा पहुँच प्राप्त गर्ने गैरसरकारी संस्थाले मन्त्रालय र सम्बन्धित मन्त्रालयको समन्वयमा आयोजना दस्तावेज तयार गर्ने ।<br>३.११.६ त्यस्तो कोषबाट प्राप्त सहायता परिचालन गर्न मन्त्रालयले सहायता परिचालन सम्बन्धी मापद्ण्ड र प्रकृयाको आधारमा स्वीकृति दिने ।<br>३.११.७ यस्तो कोषमा पहुँच प्राप्त गरी परिचालन गर्ने रकमको सम्बन्धमा समाज कल्याण परिषदमा अलग सम्झौता गर्न नपर्ने । त्यस्तो आयोजनाको अनुगमन तथा मूल्यांकन नेपाल सरकारबाट स्वीकृत वित्तीय सम्झौतामा उल्लेख भए बमोजिम हुने । | | | |
| २.५.१२ अन्तर्राष्ट्रिय स्तरमा स्थापित कोषको पहुँचमा वृद्धि गरी विकास सहायता परिचालन गर्ने । | ३.१२.१ विकास सहायता परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी गर्ने मञ्चमा मुलुकको हित प्रवर्द्धन र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार हुने गरी सक्रिय सहभागी हुने ।<br>३.१२.२ राष्ट्रिय स्वार्थ मिल्ने अन्य मुलुकहरुसँग विकास सहायताका लागि साझेदारी गर्ने। यसरी गरिने साझेदारी पारदर्शी हुनुपर्ने र पारस्परिक तथा तुलनात्मक लाभको आधारमा तय गरिने।<br>३.१२.३ विदेशी लगानी, प्रविधि हस्तान्तरण, व्यापार प्रवर्द्धन लगायतका क्षेत्रमा अन्तर्राष्ट्रिय साझेदारी गर्न सकिने ।<br>३.१२.४ उपयुक्तता र अनुभवका आधारमा दक्षिण-दक्षिण तथा उत्तर-दक्षिण-दक्षिण ( त्रिभुजीय) सहयोगको अवधारणा अनुरुपको सहयोग आदान प्रदान गर्न सकिने। | | | |

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | ३.१२.५ दक्षिण क्षेत्रका सहायता प्राप्त गर्ने दुई वा सो भन्दा बढी राष्ट्रहरु बीचको आपसी सहयोग तथा उत्तर क्षेत्रका परम्परागत दातृराष्ट्र एवम संस्थाहरु समेतको समन्वयात्मक तथा वित्तीय संलग्नतामा सहयोग आदान प्रदान गर्न सक्ने।<br>३.१२.६ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन र बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास ( विमस्टेक) जस्ता क्षेत्रीय संयन्त्रसँगको सहयोग अभिवृद्धि गर्न र अन्तर सरकारी संयुक्त आर्थिक आयोग मार्फत सहायता परिचालन गर्न सकिने। | | | |
| २.५.१३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत परिचालन हुने सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा जवाफदेहीपूर्ण तथा पारदर्शी रुपमा उपयोग गर्ने । | ३.१३.१ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत विकास सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा गर्ने।<br>३.१३.२ विकास साझेदारले नेपाल सरकारका लागि उपलब्ध गराउने भनी छुट्याईएको सहायता रकम बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा अन्तर्राष्ट्रिय स्तरमा सहायता रकम संकलन गरी आयोजना प्रस्ताव गर्दा समाजकल्याण परिषदमार्फत गर्नुपर्ने ।<br>३.१३.३ नेपाल सरकार र विकास साझेदारबीच भएको वित्तीय सम्झौतामा आयोजना कार्यान्वयन साझेदारको रुपमा कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्था रहने प्रावधान भएमा उक्त सम्झौता अनुसार आयोजना कार्यान्वयनको लागि समाजकल्याण परिषदमा थप सम्झौता गर्न नपर्ने र त्यस्तो आयोजनाको अनुगमन तथा मूल्यांकन वित्तीय सम्झौतामा उल्लेख भए बमोजिम हुने । विकास साझेदारले यस्ता कार्यान्वयन साझेदार छनौट गरेको १५ दिनभित्र सोको | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>समाज कल्याण परिषद<br>विकास साझेदार | गैर सरकारी संस्था मार्फत परिचालन हुने सहायताको पारदर्शिता र प्रभावकारिता अभिवृद्धि हुने । | निरन्तर |



DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | विवरण  मन्त्रालय र सम्बन्धित परियोजना कार्यान्वयन गर्ने मन्त्रालय र समाज कल्याण परिषद्लाई उपलव्ध गराउने ।<br>३.१३.४ विकास साझेदारले नेपाली सरकारी संयन्त्र बाहेक कार्यान्वयन साझेदारको रुपमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था छनौट गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने ।<br>३.१३.५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा नेपाल स्थित विकास साझेदार बाहेक अन्तर्राष्ट्रिय स्तरमा सहायता रकम संकलन गरी आयोजना प्रस्ताव गर्दा समाजकल्याण परिषदमार्फत परिचालन गर्नुपर्ने । आयोजनाको प्रस्ताव गर्दा आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको पूर्व सहमती अनिवार्य पेश गर्नुपर्ने । यस्तो सहायताको विवरण  मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्ने ।<br>३.१३.६ अन्तराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय गैर सरकारी संस्थासँग कार्यान्वयन संझौता गरेमा सो को विवरण समाज कल्याण परिषदमा पेश गर्ने । प्राप्त विवरणको आधारमा समाज कल्याण परिषदले कार्यान्वयन प्रकृयामा सहजीकरण गर्ने ।<br>३.१३.७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना छनौट गर्दा सम्बन्धित संघ, प्रदेश तथा स्थानीय तहको नेतृत्वमा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नुपर्ने ।<br>३.१३.८ राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा अन्तर्राष्ट्रिय स्तरमा सहायता रकम संकलन गरी आयोजना | | | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | कार्यान्वयन गर्दा जुन स्थानीय तहमा आयोजना कार्यान्वयनको लागि पूर्व सहमती लिएको हो सोही स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गरी सोही स्थानीय तहको समन्वयमा आयोजना कार्यान्वयन गर्ने ।<br>३.१३.९ धार्मिक एवम् राजनीतिक संस्था तथा राष्ट्रिय संवेदनशीलताका क्षेत्रहरूमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा राष्ट्रिय गैरसरकारी संस्थामार्फत सहायता परिचालन गर्न नपाईने ।<br>३.१३.१० भौगोलिक र कार्यक्षेत्रगत दोहोरोपना हटाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गर्ने आयोजनाको निश्चित बिषयगत क्षेत्र र आयोजना संचालन हुने भौगोलिक क्षेत्र तोक्न सकिने । नियामक निकायले यस्ता संस्थाहरूले संचालन गरेको आयोजनाहरूको विद्युतीय नक्सांकन गर्न सक्ने।<br>३.१३.११ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गरेका आयोजनामा प्रशासनिक खर्च कुल लागतको बढीमा २० प्रतिशतसम्म हुने।<br>३.१३.१२ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा परिचालन गरेको विकास सहायताको आयव्यय तथा क्रियाकलापको विवरण वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने।<br>३.१३.१३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गरेको स्थानीय तहमा वर्षको एक पटक तेस्रो पक्षद्वारा त्यस्ता कार्यक्रमहरूको परीक्षणका साथै सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखापरीक्षण समेत गराउनु पर्ने ।<br>३.१३.१४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले विकास सहायता परिचालनको आयोजनागत विवरण अर्थ | | | |

DRAFT

| रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|
| | मन्त्रालयमा रहेको सहायता सूचना व्यवस्थापन प्रणालीमा दोहोरो नपर्ने गरी प्रविष्ट गर्नुपर्ने । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था मार्फत कार्यान्वयन गरेको अनुदान सहायताको विवरण सूचना प्रणालीमा प्रविष्ट गर्ने जिम्मेवारी सम्बन्धित दातृ पक्षको हुने । | | | |

DRAFT